## प्रस्तावना

यो संस्था सन् १९९३ मा संयुक्त राज्य अमेरिकाको कोलम्बिया जिल्ला (वाशिङ्टन डिसी)मा एक गैर-नाफामूलक संस्थाको रूपमा दर्ता भई पछि संयुक्त राज्य अमेरिकाकै आन्तरिक राजस्व सेवाबाट ५०१-सी (३) को दर्जा प्राप्त भई सञ्चालनमा रहेको संस्था हो । संस्थालाई छोटकरीमा "अनेसास" पनि भनिन्छ । यस संस्थाको ध्येय र उद्देश्य भनेको विश्वभरि छरिएर बसेका नेपाली मूलका नागरिकहरूलाई सङ्गठित गरी लेखन, पठन, प्रकाशन, वितरण तथा अनुवादबाट नेपाली साहित्य, संस्कृति तथा कलाको प्रवर्धन गरेर उनीहरूको पहिचानको संरक्षण र संवर्धन गर्नु हो ।

## धारा १
## नाम

यस संस्थाको नाम अङ्ग्रेजीमा International Nepali Literary Society (INLS) **इन्टरनेशनल नेपाली लिटेररी सोसाइटी** (आई.एन.एल.एस.) अर्थात् "अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)" हुनेछ । संस्थाको काम कारबाहीलाई बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिले व्यवस्थापन तथा कार्यान्वयन गर्नेछन् । संस्थाको मुख्यालय संयुक्त राज्य अमेरिकामा हुनेछ ।

### १.१. संस्थाको छाप तथा चिन्ह

अनेसासका छाप तथा चिन्ह द्रष्टव्य (१)मा उल्लेख गरेअनुरूप हुनेछन् । छापको प्रयोगको अधिकार केन्द्रीय कार्यसमितिका अध्यक्ष तथा महासचिवसँग मात्रै रहनेछ । छाप वा चिन्हलाई केन्द्रीय कार्यसमितिको सिफारिसमा विधान संशोधन नगरी अथवा उक्त संशोधनलाई बोर्ड अफ् ट्रस्टीजबाट अनुमोदन नगराई परिवर्तन गर्न पाइनेछैन । कुनै पनि च्याप्टरले अनेसासको प्रतिनिधित्व गर्नका लागि कुनै अर्को छाप वा चिन्हको प्रयोग गर्न पाउनेछैन ।

### १.२. भाषा

मूल विधान तथा यसका सबै संशोधनहरूलाई वाशिङ्गटनको कोलम्बिया जिल्लामा रहेको उपभोक्ता तथा अधिनियम विभागमा बुझाउनुपर्ने हुनाले अङ्ग्रेजी भाषामा कायम गरिनेछ । यसको अनूदित प्रति नेपाली भाषामा पनि कायम गर्न सकिनेछ ।

## धारा २
## परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

१. 'संस्थाको विधान' भन्नाले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको विधान भन्ने बुझिनेछ । प्रत्येक नियमलाई त्यसको संशोधन सङ्ख्याले परिचित गराउनेछ ।
२. 'संस्था' भन्नाले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) बुझिनेछ ।
३. 'पदाधिकारी' भन्नाले संस्थाको केन्द्रीय कार्यसमिति तथा बोर्ड अफ् ट्रस्टीजका सबै निर्वाचित तथा मनोनित पदाधिकारी बुझिनेछ ।
४. 'सदस्य' भन्नाले यस संस्थामा कुनै पनि प्रकारको सदस्यता लिएको व्यक्ति बुझिनेछ ।
५. 'केन्द्रीय कार्यसमिति' भन्नाले संस्थाका निर्वाचित तथा मनोनित पदाधिकारीबाट गठित केन्द्रीय कार्यसमिति बुझिनेछ ।
६. 'ट्रस्टी' भन्नाले विधिवत् रूपमा विधानअनुसार शुल्क तिरेर बनेका गुठियार बुझिनेछ ।
७. 'बोर्ड अफ् ट्रस्टीज' भन्नाले विधिवत् रूपमा निर्वाचित ट्रस्टीहरूको बोर्ड बुझिनेछ ।
८. 'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक बुझिनेछ ।
९. 'निर्वाचनसमिति' भन्नाले संस्थाको विधानअनुसार गठन गरिएको चुनावसमिति बुझिनेछ ।
१०. 'अनेसास मुख्यालय' भन्नाले अनेसास बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमिति बुझिनेछ ।
११. 'पुरस्कार समिति' भन्नाले संस्थाको विधानअनुसार गठन गरिएको पुरस्कार समिति बुझिनेछ ।
१२. 'सल्लाहकार समिति' भन्नाले संस्थाको विधानअनुसार गठन गरिएको सल्लाहकार समिति भन्ने बुझिनेछ ।
१३. 'च्याप्टर' भन्नाले संस्थाको विधानअनुसार गठन गरिएका तथा विश्वमा विभिन्न मुलुकमा त्यहाँको स्थानीय कानूनको परिअनुशीलन गरेको च्याप्टर बुझिन्छ ।
१४. 'साधारण सभा' भन्नाले वार्षिक साधारण सभा तथा विशेष बैठक बुझिनेछ ।
१५. 'निर्दिष्ट' भन्नाले संस्थाको विधानअन्तर्गत रहेका नियम अथवा उपनियमद्वारा निर्दिष्ट भन्ने बुझिनेछ ।

## धारा ३
## कार्यावधि

यस संस्थाको हैसियत चिरस्थायी हुनेछ ।

**धारा ४**
**ध्येय र लक्ष्य**

अनेसासको ध्येय भनेको विश्वभरि रहेका नेपाली मूलका व्यक्तिहरूलाई सङ्गठित गरी नेपाली पहिचानको जगेर्ना र प्रवर्धन गर्नु हो ।

अनेसासको लक्ष्य भनेको नेपाली भाषा, साहित्य, संस्कृति तथा कलामा चासो राख्ने सबैको एउटा बलियो तथा नेतृत्वदायी अन्तर्राष्ट्रिय सङ्गठन बनाउनु तथा कैयौँ पुस्तासम्म नेपाली साहित्य, संस्कृति, कला, सङ्गीत तथा नृत्यलाई लेखेर, पढेर, प्रकाशित गरेर, वितरण गरेर अथवा अनुवाद गरेर नेपाली साहित्य तथा भाषाको प्रवर्धनका लागि निरन्तरको प्रोत्साहनद्वारा नेपाली पहिचानलाई विश्वभरि जीवित तथा क्रियाशील राख्नु हो ।

**धारा ५**
**उद्देश्य**

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका उद्देश्यहरू निम्नानुसार छन्:**

१. नेपाली भाषा, साहित्य, कला र संस्कृतिलाई विश्वभर रहेका नेपाली समुदायमाझ संरक्षण र संवर्धन गर्नु ।
२. नेपाली साहित्यका पुस्तकहरूको लेखन, प्रकाशन र वितरण गर्नु ।
३. नेपाली भाषा, साहित्य, कला र संस्कृतिमाथि गोष्ठी तथा सम्मेलनहरू आयोजना गर्नु ।
४. नेपाली लेखक, शिक्षक तथा कलाकारहरूबाट भएको विशिष्ट योगदानलाई प्रोत्साहन र कदर गर्नु ।
५. विश्वव्यापी पहिचानका लागि नेपाली भाषाका कृतिलाई अन्य भाषामा अनुवाद गर्ने कामलाई प्रवर्धन गर्नु ।
६. विश्वभरि छरिएर रहेका नेपाली समुदायमा रहेका बालबालिकामाझ नेपाली भाषा, साहित्य, कला र संस्कृतिको विकासका लागि कार्यक्रमहरूको विकास गर्नु ।
७. साहित्यिक तथा सांस्कृतिक सञ्जालको पहल र विकास गर्नु ।
८. नेपालका विभिन्न जातजातिका भाषा, साहित्य र संस्कृतिको विकासलाई टेवा पुऱ्याउनु ।
९. नेपाली भाषा, साहित्य, कला र संस्कृतिको विकासका लागि छापा, श्रव्य, दृश्य अथवा अन्य माध्यममा विविध सामग्रीको परिकल्पना र विकास गर्नु ।
१०. प्रत्येक वर्ष कम्तीमा दुईवटा केन्द्रीय कार्यक्रमको आयोजना गर्नु ।

**धारा ६**
**सदस्यता**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले विभिन्न प्रकारका सदस्य बनाउन सक्नेछ । जुनसुकै देशको नागरिक अथवा नश्ल, धर्म वा आस्थाको भए पनि संस्थाको ध्येय, लक्ष्य र उद्देश्यसँग सहमत हुने जो कसैले सदस्यता प्राप्त गर्न सक्नेछ । सदस्यता हस्तान्तरण हुन नसक्ने किसिमको हुनेछ । कुनै पनि सदस्यले आफूले चाहेमा अनेससाबाट आफ्नो सदस्य फिर्ता लिन सक्नेछ तर सदस्यता शुल्कको कुनै पनि अंश फिर्ता हुनेछैन । महासचिव तथा कोषाध्यक्षले सक्रिय रूपमा सदस्यहरूको नामावली, ठेगाना, इमेल, सदस्यताको अवधि तथा सदस्यताको प्रकारको अभिलेख राख्नेछन् । सदस्यताको सूचीको अद्यावधिक त्रैमासिक बैठकहरूमा प्रस्तुत गर्नुपर्नेछ । विधान संशोधन नगरी कसैले पनि सदस्यता शुल्कको राशि परिवर्तन गर्न सक्नेछैन ।

**अनेसासको सदस्यता निम्नानुसार पाँच प्रकारका हुनेछन्:**

**६.१ साधारण सदस्य**

१. अनेसासको लक्ष्यसँग सहमत जो कोहीका लागि साधारण सदस्यता खुला रहनेछ ।
२. कुनै पनि व्यक्तिले अनलाइन, यु.आर.एल. वा कुनै पनि प्रविधिमार्फत् कुनै पनि च्याप्टरको सदस्यताका लागि आवेदन दिन सक्नेछ ।
३. सबै सक्रिय सदस्यहरूले सदस्यता लिएवापत अमेरिकामा भए २० अमेरिकी डलर र अन्यत्र भए सोही बराबरको रकम अनेसासका सम्बन्धित च्याप्टरलाई बुझाउनुपर्नेछ ।
४. सबै साधारण सदस्यहरू स्थानीय च्याप्टरमा आबद्ध हुनेछन् । स्थानीय च्याप्टरको अभावमा सदस्यले नजिकको क्षेत्रको च्याप्टरमा आबद्ध हुन सक्नेछन् ।
५. हरेक साधारण सदस्यले सदस्यता प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ । कुनै पनि व्यक्तिको एक पटक लिइएको सदस्यतालाई सदस्यता लिएको मितिबाट १२ महिनाका लागि वैधानिक मानिनेछ ।
६. प्रत्येक च्याप्टरले आफूमातहतका सदस्यहरूको विवरण प्रकाशित गर्नुपर्नेछ र केन्द्रीय कार्यसमितिलाई त्रैमासिक बैठकमा दिनुपर्नेछ ।
७. साधारण सदस्यले कुनै पनि च्याप्टरको पदाधिकारीको निर्वाचनमा मतदान गर्न पाउनेछन् ।
८. एकै वर्षमा एक जना व्यक्तिले एकभन्दा बढी च्याप्टरको सदस्य हुन पाउनेछैन ।
९. यस विधानको धारा ६.२ (३) मा उल्लिखित आजीवन सदस्यता शुल्क नबुझाउँदासम्म कुनै पनि साधारण सदस्यले स्थानीय च्याप्टर अथवा केन्द्रीय कार्यसमिति निर्वाचनमा उम्मेदवारी दिन वा केन्द्रीय कार्यसमितिको निर्वाचनमा मतदान गर्न पाउनेछैन ।

**साधारण सदस्यको कर्तव्य र सुविधा**

१. स्थानीय च्याप्टरको कार्यसमितिका लागि हुने निर्वाचनमा मतदान गर्न पाउने ।
२. उक्त च्याप्टरको साधारण सभामा भाग लिन पाउने ।

३. संस्थाको ध्येय, लक्ष्य र उद्देश्य प्राप्तिका लागि सक्रिय भएर काम गर्न पाउने ।

## ६.२ आजीवन सदस्यता

१. अनेसासको उद्देश्यसँग सहमत हुने सबैका लागि आजीवन सदस्यता खुला रहनेछ ।
२. कुनै पनि इच्छुक व्यक्तिले आजीवन सदस्यताका लागि आवेदन कुनै पनि च्याप्टरमा वा केन्द्रीय कार्यसमितिमा इमेल, कुनै यु.आर.एल. अथवा कुनै पनि प्रविधिका माध्यमबाट दिन सक्नेछन् ।
३. सबै सक्रिय आजीवन सदस्यले एकपल्ट, अमेरिकामा भए १५० अमेरिकी डलर र अन्यत्र भए सोही बराबरको रकम अनेसासको सम्बन्धित च्याप्टरमा बुझाउनुपर्नेछ ।
४. सबै आजीवन सदस्यलाई स्वतः आ-आफ्नो स्थानीय च्याप्टरमार्फत् नै चिनिनेछ ।
५. आजीवन सदस्यता सदस्यको जीवनभरिलाई मान्य हुनेछ तर यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सार्न भने सकिनेछैन ।
६. च्याप्टरहरूले आजीवन सदस्य बनाउनका लागि स्थानीय स्तरबाट पहल गर्न सक्नेछन् ।
७. च्याप्टरले बनाएका आजीवन सदस्यहरूबाट लिएको कुल शुल्कको ५० प्रतिशत अर्थात् ७५ अमेरिकी डलर केन्द्रीय मुख्यालयमा हरेक तीन महिनामा बुझाउनुपर्नेछ र यसलाई अनेसासको केन्द्रीय कार्यसमितिको बैङ्क खातामा जम्मा गर्नुपर्नेछ ।
८. आजीवन सदस्यहरूले विधानतः अनेसासको कुनै पनि च्याप्टर अथवा केन्द्रीय कार्यसमितिको चुनावमा उम्मेदवार हुन सक्नेछन् ।
९. सदस्यता शुल्क सीधै केन्द्रीय कार्यसमितिमा बुझाइएको भए उक्त समितिले सदस्यताको पूर्ण शुल्कको ५० प्रतिशत शुल्क सम्बन्धित च्याप्टरमा पठाउनेछ ।
१०. सदस्यले आफू बसेको ठाउँ परिवर्तन गरेको खण्डमा कुनै अतिरिक्त शुल्क नबुझाई आफ्नो सदस्यता नयाँ च्याप्टरमा स्थानान्तरण गर्न सक्नेछ । यसरी चयन गरिएको नयाँ च्याप्टरले यस्ता सदस्यको विवरण अद्यावधिक गर्नुपर्ने र ३० दिनभित्र केन्द्रीय कार्यसमितिलाई जानकारी गराउनुपर्नेहुन्छ ।

### आजीवन सदस्यको जिम्मेवारी तथा सुविधा

१. स्थानीय च्याप्टरका पदाधिकारीको चुनावमा मतदान गर्ने ।
२. केन्द्रीय कार्यसमितिको चुनावमा मतदान गर्ने ।
३. केन्द्रीय कार्यसमितिका लागि हुने निर्वाचनमा उम्मेदवारी दिन पाउने साथै केन्द्रीय अथवा स्थानीय च्याप्टरको कार्यसमितिमा मनोनित हुन पाउने ।
४. च्याप्टर अथवा मुख्यालयको वार्षिक साधारण सभामा भाग लिन पाउने ।
५. संस्थाको ध्येय, लक्ष्य र उद्देश्यलाई सक्रियरूपमा अगाडि बढाउने काममा सहभागी हुने ।
६. अनेसासको न्युजलेटरको विद्युतीय प्रति निःशुल्क प्राप्त गर्ने ।

## ६.३ संस्थागत सदस्यता

कुनै पनि संस्था अनेसाससँग आबद्ध हुन सक्दछ र १००० (एक हजार) अमेरिकी डलर तिरेर आजीवन सदस्य बन्न सक्दछ । प्रत्येक ३ महिनामा नयाँ संस्थागत आजीवन सदस्यता लिएका संस्थाहरूको सदस्यता शुल्क अनेसासको बैङ्क खातामार्फत् मुख्यालयमा पुग्नुपर्नेछ । प्रत्येक संस्थागत सदस्यले एक जना प्रतिनिधि सदस्यको चयन गनुपर्नेछ । उनीहरूसँग एउटा मात्रै मतको अधिकार रहनेछ ।

### संस्थागत सदस्यको दायित्व तथा सुविधा

१. केन्द्रीय कार्यसमितिको चुनावमा मतदान गर्ने ।
२. सम्बन्धित च्याप्टर अथवा केन्द्रको वार्षिक साधारण सभामा भाग लिने ।
३. संस्थाको ध्येय, लक्ष्य र उद्देश्य प्राप्तिका लागि सक्रिय रहने ।
४. अनेसासको न्युजलेटरको विद्युतीय प्रति निःशुल्क प्राप्त गर्ने ।

## ६.४ मानार्थ सदस्यस्ता

अनेसास बोर्ड अफ् ट्रस्टीजले केन्द्रीय कार्यसमितिको सिफारिसमा नेपाली भाषा-साहित्यका लागि विशिष्ट योगदान पुऱ्याउने व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । मानार्थ सदस्य हुनका लागि कुनै पनि शुल्क लाग्नेछैन । यस्ता सदस्यले सल्लाहकारको काम गर्न सक्दछन् तर मताधिकार भने रहनेछैन । विश्वमा कुनै पनि भाषा, साहित्य तथा संस्कृतिको प्रवर्धनमा योगदान दिने कुनै पनि व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

## ६.५ ट्रस्टी सदस्यता

१. ट्रस्टी सदस्यता अनेसासको ध्येय, लक्ष्य र उद्देश्यप्रति सहमत सबैका लागि खुल्ला रहनेछ ।
२. ट्रस्टीले सदस्यता शुल्कवापत २००० (दुई हजार) अमेरिकी डलर बुझाउनुपर्नेछ । ट्रस्टी सदस्य स्वतः अनेसासको आजीवन सदस्य हुनेछ । यदि ट्रस्टी सदस्य हुनुअगाडि नै आजीवन सदस्य भइसकेको भए उनको आजीवन सदस्यतावापतको शुल्क ट्रस्टी सदस्यता शुल्कमा मिलान गरिनेछ ।
३. कुनै पनि व्यक्तिले यस्तो सदस्यताका लागि इमेल, युआरएल वा कुनै अन्य अनलाइन माध्यमबाट सम्बन्धित च्याप्टरमा आवेदन दिन सक्नेछन् ।
४. ट्रस्टी सदस्यता आजीवन हुनेछ तर एकबाट अर्कोमा हस्तान्तरण गर्न भने सकिनेछैन ।
५. ट्रष्टी सदस्यता शुल्क ट्रस्टी बैङ्क खातामा जम्मा गरेपछि ट्रस्टीलाई सक्रिय रहेको मानिनेछ ।

६. ट्रस्टीहरूले बोर्ड अफ् ट्रस्टीजको चयन गर्नेछन् ।
७. संस्थाको विधानअनुसार ट्रस्टीहरूले बोर्ड अफ् ट्रस्टीज अथवा केन्द्रीय कार्यसमितिको निर्वाचनमा उम्मेदवारी दिन सक्नेछन् ।
८. हरेक ट्रस्टी स्वतः आफ्नो च्याप्टरको पनि सदस्य बन्नेछन् ।

**बोर्ड अफ् ट्रस्टीज सदस्यको दायित्व र सुविधा**

१. केन्द्रीय कार्यसमिति, बोर्ड अफ् ट्रस्टीज तथा स्थानीय च्याप्टको कार्यसमितिको चुनावमा मतदान गर्ने
२. केन्द्रीय कार्यसमिति अथवा बोर्ड अफ् ट्रस्टीजको चुनावमा उम्मेदवारी दिने र/अथवा बोर्ड अफ् ट्रस्टीजमा मनोनित हुनसक्ने
३. संस्थाको ध्येय, लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सक्रिय रहेर काम गर्ने
४. अनेसासको न्युजलेटरको विद्युतीय प्रति निःशुल्क प्राप्त गर्ने
५. हरेक ट्रस्टी सदस्यले बोर्ड अफ् ट्रस्टीज, केन्द्रीय कार्यसमिति, क्षेत्रीय समिति अथवा आफूसम्बद्ध च्याप्टरहरूले आयोजना गरेका कार्यक्रमहरूमा सहभागी हुन यथाशक्य प्रयास गर्ने

### ६.६. संरक्षक सदस्य

अनेसासको ध्येय, लक्ष्य र उद्देश्यको प्रवर्धन तथा विस्तारप्रति प्रतिबद्ध तथा २५,००० (पच्चीस हजार)अमेरिकी डलर दिन तयार कुनै पनि व्यक्ति अनेसासको संरक्षक सदस्य बन्न सक्नेछ । संरक्षक सदस्य स्वतः बोर्ड अफ् ट्रस्टीजको पनि सदस्य हुनेछ । संरक्षक सदस्यसँग विधानतः केन्द्रीय कार्यसमिति तथा बोर्ड अफ् ट्रस्टीजका पदाधिकारीको निर्वाचनमा मतदान गर्ने अथवा उम्मेदार हुने अधिकार रहनेछ ।

### ६.७. सदस्यता निलम्बन वा खारेजी

निम्न अवस्थामा अनेसासका सदस्यको सदस्यता निलम्बित वा खारेज हुन सक्नेछ:

१. यथेष्ट प्रमाणसहित कुनै सदस्यमाथि अनेसासको ध्येय, लक्ष्य र उद्देश्यविपरीत काम गरेको अभियोग लागेमा र अनुशासन समितिले उक्त सदस्यमाथि कारबाही गरियोस् भनेर केन्द्रीय कार्यसमिति/बोर्ड अफ् ट्रस्टीजसमक्ष सिफारिस गरेमा त्यस्ता सदस्यको सदस्यता निलम्बित वा खारेज हुनसक्छ । उक्त सदस्यको नाम अनेसासका सदस्यहरूको रेकर्डबाट हटाउन सकिनेछ ।
२. कुनै सदस्यले आफ्नो सदस्यता रद्द गरी सोको रेकर्ड अनेसासको रेकर्डबाट हटाउन लिखित अनुरोध गरेमा त्यसो गर्न सकिनेछ ।
३. कुनै सदस्यले सार्वजनिक रूपमा अनेसास, केन्द्रीय कार्यसमिति वा बोर्ड अफ् ट्रस्टीजका विरुद्ध आफ्नो मत प्रकट गर्छ भने उक्त सदस्यसँग लिखित स्पष्टीकरण सोध्न सकिनेछ । सदस्यले चित्तबुझ्दो स्पष्टीकरण दिन नसकेको खण्डमा अथवा निर्धारित समयभित्र जवाफ दिन नसकेको खण्डमा केन्द्रीय कार्यसमिति वा बोर्ड अफ् ट्रस्टीजले उक्त सदस्यको सदस्यता निलम्बित वा खारेज गर्न सक्नेछ ।
४. कुनै सदस्यको आजीवन सदस्यता निलम्बित वा खारेज भएमा केन्द्रीय कार्यसमितिले यस प्रकारको सिफारिसको पुनरावलोकन गर्नेछ, मध्यस्थता गर्नेछ र त्यस सिफारिसअनुसार सदस्यता निलम्बित वा रद्द गर्ने निर्णय लिनेछ र यस बेहोराको चिठी सम्बन्धित सदस्यलाई दिनेछ । समितिले सम्बद्ध च्याप्टरसँग समन्वय गरी रेकर्ड अद्यावधिक गर्ने र आवश्यक परे यसबारे सार्वजनिक सूचना जारी गर्ने काम गर्नेछ । ट्रस्टी सदस्यको हकमा यस्तो सिफारिसलाई बोर्डले पुनरावलोकन गर्नेछ, मध्यस्थता गर्नेछ, अनुमोदन गर्नेछ तथा केन्द्रीय कार्यसमितिसँगको समन्वयमा रेकर्डलाई अद्यावधिक गर्ने काम गर्नेछ । बोर्ड अफ् ट्रस्टीजले यस्ता सदस्यलाई सदस्यता निलम्बित वा खारेज भएको सूचना दिनेछ र त्यस सूचनालाई आवश्यक परेमा सार्वजनिक पनि गर्नेछ ।
५. अनेसासका कुनै सदस्यको निधन भएमा सदस्यता स्वतः खारेज हुनेछ ।
६. संस्थागत सदस्यको हकमा, त्यस्ता सदस्यले अनेसासको लक्ष्य, उद्देश्य र ध्येयका विरुद्ध काम गरेको पाइएमा अथवा उक्त संस्था भङ्ग भएको, टाट पल्टेको वा अस्तित्वमा नै नरहेको अवस्थामा त्यस्ता संस्थाको सदस्यता रद्द गरिनेछ ।
७. माथिका बुँदा १, २, ३ वा ४ अन्तर्गत सदस्यता खारेज भएमा सदस्यता वापत बुझाएको शुल्क फिर्ता हुनेछैन ।
८. बुँदा (१) बमोजिम सदस्यता रद्द भएको कुनै सदस्यले आफू सच्चिने र अनेसासको हितका लागि काम गर्ने प्रतिबद्धतासहित लिखित अनुरोध गरेमा, निजलाई धारा ६.१ (३), ६.२ (३), ६.४ वा ६.५ (२) को व्यवस्थाबमोजिम केन्द्रीय कार्यसमिति अथवा बोर्ड अफ् ट्रस्टीजको बैठकको निर्णयअनुसार पुनः सदस्यता प्रदान गर्न सकिनेछ । संस्थागत अथवा मानार्थ सदस्यताको हकमा केन्द्रीय कार्यसमितिले बोर्ड अफ् ट्रस्टीजसँग समन्वय गरेर निर्णय लिन सक्नेछ ।
९. माथिको बुँदा (२) बमोजिम कसैको सदस्यता रद्द भएको खण्डमा निज सदस्यले ६.७ (७) को व्यवस्थाअन्तर्गत भविष्यमा पुनः सदस्यता प्राप्त गर्न सक्नेछ ।

## धारा ७
## केन्द्रीय कार्यसमिति

### ७.१ केन्द्रीय कार्यसमितिको काम र कर्तव्य

१. बोर्ड अफ् ट्रस्टीजलाई सहमतिका लागि कार्यक्रमको खाका प्रस्तुत गर्ने ।
२. बोर्ड अफ् ट्रस्टीजबाट अनुमोदित कार्यक्रमको कार्यान्वयन गर्ने ।
३. संस्थाको दैनन्दिन क्रियाकलाप सञ्चालन गर्ने । यसो गर्ने अधिकार निर्वाचित केन्द्रीय कार्यसमितिमा निहित रहनेछ ।
४. अनेसासको ध्येय, लक्ष्य र उद्देश्यलाई अगाडि बढाउने तथा विधानले निर्दिष्ट गरेअनुसार विभिन्न ठाउँमा संस्थाका च्याप्टरहरू खोल्ने तथा कम्तीमा वर्षको एकपटक च्याप्टरको अवस्था अद्यावधिक गर्ने ।
५. साहित्यिक तथा गैरसाहित्यिक संघ-संस्थाहरूसँग सम्बन्ध स्थापित गर्ने र संयोजन गर्ने ।

६. अनेसासको ध्येय, लक्ष्य, उद्देश्य तथा कार्यक्रमको कार्यान्वयन तथा प्रवर्धन गर्नका लागि कार्यदल गठन गर्ने ।
७. समान उद्देश्यहरूमा सहकार्य गर्दै अनेसासको ध्येय, लक्ष्य र उद्देश्यको प्राप्तिका लागि अन्य संस्थाहरूसँग सहकार्य गर्ने ।
८. केन्द्रीय कार्यसमितिको चुनाव भएको मितिले ३० दिनभित्र प्रमुख सम्पादकको मनोनयन गर्ने ।
९. विधानअनुसार संवाद योजना निर्माण तथा अनुशीलन गर्ने ।
१०. डिसी सरकारका नियमहरूको पालना गर्ने तथा संस्थाको गैरनाफामूलक दर्जालाई कायम राख्ने ।
११. ५०१ (सी) (३) दर्जा कायम राख्ने हेतुले आन्तरिक राजस्व सेवाका शर्तहरूको पालना गर्ने ।
१२. अनेसासका प्रकाशनहरूको पुनरावलोकन गर्नका लागि प्रकाशन पुनरावलोकन समितिको कार्यदल बनाउने । यस कार्यदलले अनेसासबाट प्रकाशित हुने कुनै पनि सामग्रीको गुणस्तर कायम राख्न उक्त सामग्रीको पाण्डुलिपिलाई प्रकाशनपूर्व नै पुनरावलोकन गर्नुपर्ने ।
१३. प्रकाशन पुनरावलोकन समितिले अनुमोदन गरेका सामग्री तथा अनेसासका आवधिक पत्रिकाका लागि तयार गरेका सामग्रीको प्रकाशनपूर्व निरीक्षण गर्ने ।
१४. केन्द्रीय कार्यसमितिसँग अनेसासको वेबसाइट, सदस्यहरूको विवरण तथा केन्द्रीय कार्यसमिति सदस्यहरूको मेल ठेगाना रहनेछ ।
१५. केन्द्रीय कार्यसमितिले वर्षमा कम्तीमा दुईवटा केन्द्रीय कार्यक्रमको आयोजना गर्नेछ ।
१६. केन्द्रीय कार्यसमितिले आवश्यकताअनुसार ७ जना सम्मलाई सल्लाहकार समितिका सदस्य मनोनयन गर्न सक्नेछ ।
१७. केन्द्रीय कार्यसमितिले धारा ७.३ मा व्यवस्था गरेअनुसारको उपाध्यक्ष कुनै क्षेत्रमा नरहेको खण्डमा, उक्त क्षेत्रमा च्याप्टर गठन गर्नका लागि केन्द्रीय कार्यसमितिले क्षेत्रीय प्रतिनिधि मनोनित गर्न सक्नेछ ।

## ७.२ कार्यावधि

केन्द्रीय कार्यसमितिका लागि निर्वाचित सदस्यको कार्यावधि २ वर्षको हुनेछ, अथवा निजको उत्तराधिकारी निर्वाचित भई कार्यभार नसमाल्दासम्मको हुनेछ ।

## ७.३. केन्द्रीय कार्यसमितिमा कायम गरिएका पदहरू

अनेसासको ध्येय, लक्ष्य र उद्देश्यसँग सहमत कुनै पनि आजीवन सदस्य तथा ट्रस्टीलाई अनेसासको केन्द्रीय कार्यसमिति सदस्य बन्नका लागि योग्य मानिने छ । केन्द्रीय कार्यसमितिमा मताधिकारसमेत रहेका जम्मा १७ सदस्य रहनेछन् । केन्द्रीय कार्यसमितिमा निम्नानुसारका पदहरू रहनेछन् :

| सं. | पद | संख्या | निर्वाचित/ मनोनित/ आमन्त्रित | मताधिकार |
|---|---|---|---|---|
| १. | अध्यक्ष | १ | निर्वाचित | रहने |
| २. | वरिष्ठ उपाध्यक्ष | १ | निर्वाचित | रहने |
| ३. | क्षेत्रीय उपाध्यक्ष- अफ्रिका | १ | निर्वाचित | रहने |
| ४. | क्षेत्रीय उपाध्यक्ष- अमेरिका | १ | निर्वाचित | रहने |
| ५. | क्षेत्रीय उपाध्यक्ष- एसिया | १ | निर्वाचित | रहने |
| ६. | क्षेत्रीय उपाध्यक्ष- युरोप | १ | निर्वाचित | रहने |
| ७. | क्षेत्रीय उपाध्यक्ष- ओसेनिया | १ | निर्वाचित | रहने |
| ८. | महासचिव | १ | निर्वाचित | रहने |
| ९. | सचिव | १ | निर्वाचित | रहने |
| १०. | कोषाध्यक्ष | १ | निर्वाचित | रहने |
| ११. | कार्यकारी सदस्य | ५ | निर्वाचित | रहने |
| १२. | कार्यकारी सदस्य | १ | मनोनित | रहने |
| १३. | कार्यकारी सदस्य (महिला) | १ | मनोनित | रहने |
| १२. | बोर्ड अफ् ट्रस्टीजका सभापति | १ | पदेन | नरहने |

नोटः

- निर्वाचनपछि बसेको केन्द्रीय कार्यसमितिको पहिलो बैठकले मनोनयनबाट कार्यकारी सदस्य चयन गर्दा त्यस्ता सदस्य अनेसासका आजीवन सदस्य भई कम्तीमा एक वर्ष पूरा भइसकेको हुनुपर्ने कुरा सुनिश्चित गर्नुपर्नेछ ।
- अनेसास केन्द्रीय कार्यसमितिले आवश्यकता परेमा **अन्तर्दृष्टि**का प्रधान सम्पादक अथवा सल्लाहकारलाई कार्यकारिणी समितिको बैठकमा पर्यवेक्षक अथवा सहभागीको रूपमा आमन्त्रण गर्न सक्नेछ तर यसरी आमन्त्रित गरिएका सदस्य तथा बोर्ड अफ् ट्रस्टीजका सभापतिसँग केन्द्रीय कार्यसमितिको बैठकमा मत विभाजन हुँदा मतदान गर्ने अधिकार भने रहनेछैन ।
- आफ्ना कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि बोर्ड अफ् ट्रस्टीजसँगको समन्वयमा केन्द्रीय कार्यसमितिले विभिन्न कार्यदल तथा उपसमिति गठन गर्न सक्नेछ ।

## ७.४ अनेसासका निर्वाचित पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार
### केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

#### १. अध्यक्ष

१. अध्यक्षले उच्च नैतिकताका साथ आफ्नो संस्थालाई नेतृत्व प्रदान गर्नुपर्नेछ ।
२. केन्द्रीय कार्यसमिति बैठकमा कुनै मुद्दामा मतदान हुँदा समान मत भएको खण्डमा अध्यक्षसँग निर्णायक मतदान गर्ने अधिकार कायम रहनेछ ।
३. अध्यक्षले आफूले पदभार ग्रहण गरेको ३० दिनभित्र आफ्नो योजना बोर्ड अफ् ट्रस्टीजसमक्ष अनुमोदनका लागि बुझाउनुपर्नेछ र आफ्नो समितिसँग सहकार्य गरी सो योजनाको कार्यान्वयन सुनिश्चित गर्नुपर्नेछ ।
४. अध्यक्षले बोर्ड अफ् ट्रस्टीजको बैठकमा सहभागी हुनुपर्नेछ, संस्थाको विकासको विवरण त्रैमासिक रूपमा बुझाउनुपर्नेछ तथा आवश्यकताअनुसार नियमित रूपमा बोर्डको सल्लाह लिनुपर्नेछ ।
५. बोर्ड अफ् ट्रस्टीजलाई पूर्ण विश्वासमा लिँदै अध्यक्षले समान ध्येय, लक्ष्य र उद्देश्य राख्ने अन्य संघ-संस्थासँग समन्वयका लागि पहल गर्दै यस प्रकारको सहकार्यका लागि वातावरण बनाउनुपर्नेछ ।
६. अध्यक्षले केन्द्रीय कार्यसमितिका मासिक, त्रैमासिक, वार्षिक तथा सबै विशेष बैठकहरूको अध्यक्षता गर्नुपर्नेछ ।
७. अध्यक्षसँग नयाँ कार्यसमिति बनेको ३ महिनाभित्र केन्द्रीय कार्यसमितिसँग सल्लाह गरी कुनै पनि कार्यका लागि नियमावलीसहित कार्यदल वा उपसमिति बनाउने र कार्यदलको अध्यक्ष मनोनित गर्ने अधिकार कायम रहनेछ ।
८. अध्यक्षसँग केन्द्रीय कार्यसमितिसँगको सहमतिमा सल्लाहकार नियुक्त गर्ने अधिकार रहनेछ ।
९. महासचिव तथा कोषाध्यक्षसँग समन्वय गरेर अनेसासको दर्तालाई वाशिङ्टन डिसीको कानुनअनुसार अद्यावधिक गर्ने जिम्मेवारी अध्यक्षको हुनेछ ।
१०. कोषाध्यक्षसँग सहकार्य गरी संस्थामा आर्थिक पारदर्शिता कायम गर्ने दायित्व अध्यक्षको हुनेछ ।
११. बोर्ड अफ् ट्रस्टीजको मार्गदर्शन लिँदै, कोषाध्यक्षसँगको सहकार्यमा अध्यक्षले बितेको वर्षको आर्थिक विवरण नयाँ वर्षको मध्यसम्ममा प्रस्तुत गरिसक्नुपर्नेछ ।
१२. बोर्ड अफ् ट्रस्टीजको अनुमति लिँदै अध्यक्षले, आवश्यकताअनुसार संस्थाका लागि प्रशासनिक कर्मचारी र अन्य सेवा प्रदायकलाई नियुक्ति अथवा जिम्मेवारी दिन सक्नेछन् ।
१३. कुनै बैङ्क खाता सञ्चालनका लागि अध्यक्ष सह-हस्ताक्षरकर्ता हुन सक्नेछन् । आकस्मिक स्थितिमा खाताबाट ५०० डलरसम्म खर्च गर्ने अधिकार अध्यक्षसँग रहनेछ ।
१४. अध्यक्षको पद रिक्त हुन पुगेमा तत्काल पदपूर्तिका लागि वरिष्ठ उपाध्यक्षलाई उक्त पदमा मनोनयन गरिनेछ ।
१५. कोषाध्यक्षसँग सहकार्य गरेर सदस्यहरूको नामावली प्रकाशित गर्ने दायित्व पनि अध्यक्षकै हुनेछ ।

#### २. वरिष्ठ उपाध्यक्ष

१. अध्यक्षको निधन, राजीनामा, पदमुक्ति अथवा तात्कालिक अनुपस्थिति भएको अवस्थामा वरिष्ठ उपाध्यक्षले अध्यक्षको जिम्मेवारी समाल्नुपर्नेछ ।
२. अध्यक्षसँग निकट रहेर सहकार्य गर्दै, अध्यक्षलाई सहयोग र सहजीकरण गर्दै, अध्यक्षले तोकेअनुसार संस्थाको विकास, अर्थ सङ्कलन, सदस्यको नियुक्ति अथवा अन्य कार्य गर्नुपर्नेछ ।
३. वरिष्ठ उपाध्यक्षले एक वर्षमा कम्तीमा एउटा वार्षिक कार्यक्रम र दुईवटा त्रैमासिक बैठकमा सहभागी हुनुपर्नेछ ।
४. वरिष्ठ उपाध्यक्षले संस्था सुदृढीकरण, नयाँ च्याप्टरको गठन तथा मौजुदा च्याप्टरहरूलाई व्यवस्थित तथा अद्यावधिक गर्ने कार्यमा उपाध्यक्षहरूलाई सहयोग गर्नुपर्नेछ ।
५. वरिष्ठ उपाध्यक्षले उपाध्यक्षहरूलाई आफ्नो कार्यकालमा कम्तीमा एउटा क्षेत्रीय सम्मेलन वा कार्यक्रम गर्नका लागि आवश्यक दिशानिर्देश र मार्गदर्शन दिनुपर्नेछ ।
६. यस विधानले व्यवस्था गरेको योग्यता नपुगेको कारण कुनै क्षेत्रमा उपाध्यक्ष नरहेको अवस्थामा वरिष्ठ उपाध्यक्षले नै उक्त क्षेत्रलाई दिशानिर्देश दिने र सहजीकरण गर्ने कार्य गर्नुपर्नेछ ।

#### ३. उपाध्यक्ष

१. उपाध्यक्षले वरिष्ठ उपाध्यक्षसँग निकटताका साथ सहकार्य गर्दै निजलाई सहयोग र सहजीकरण गर्ने तथा संस्थाको सदस्यता विस्तार, अर्थ सङ्कलन, सदस्यको नियुक्ति तथा वरिष्ठ उपाध्यक्षले तोकेका अन्य दायित्वलाई आ-आफ्नो क्षेत्रमा निर्वाह गर्नुपर्नेछ ।

२. उपाध्यक्षले स्थानीय च्याप्टरहरूसँग सहकार्य गर्दै तत् तत् क्षेत्रमा अनेसासको ध्येय, लक्ष्य र उद्देश्यप्राप्तिमा सहयोग पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ ।
३. उपाध्यक्षले वर्षमा कम्तीमा एउटा केन्द्रीय कार्यक्रम तथा एउटा त्रैमासिक बैठकमा सहभागी हुनुपर्नेछ ।
४. उपाध्यक्षले केन्द्रीय कार्यसमितिको बैठकमा सहभागी हुन नसकेको खण्डमा महासचिवलाई लिखित प्रतिवेदन बुझाउनुपर्नेछ ।
५. उपाध्यक्षले आफ्नो संयोजकत्वमा कम्तीमा एउटा क्षेत्रीय साहित्य सम्मेलनको आयोजना गर्नुपर्नेछ ।

### ४. महासचिव

१. अनेसासको केन्द्रीय कार्यसमितिको बैठकको सम्पूर्ण विवरणलाई अभिलिखित गर्ने दायित्व महासचिवको हुनेछ । बैठक सकिएको दुई हप्ताभित्र सम्बन्धित सदस्यलाई उक्त बैठकको विवरण पठाइसक्ने दायित्व पनि महासचिवकै हुनेछ ।
२. कार्यसमितिका सबै कार्यालयीय दस्तावेजको सुरक्षित अभिलेखीकरण गर्ने दायित्व महासचिवको हुनेछ ।
३. संस्थालाई प्रशासनिक सहयोग पुऱ्याउनका लागि महासचिवले अध्यक्षसँग निकटताका साथ सहकार्य गर्नुपर्नेछ ।
४. सदस्यता विवरण कायम गर्न र प्रकाशित गर्नका लागि महासचिवले अध्यक्ष, कोषाध्यक्ष र च्याप्टरका अध्यक्षसँग सहकार्य गर्नुपर्नेछ ।
५. महासचिवले अध्यक्षको मार्गदर्शनअनुसार अनेसासको गतिविधि विधिसम्मत बनाउन कार्य गर्नुपर्नेछ ।
६. अध्यक्षको मार्गनिर्देशनमा रही महासचिवले संस्थाको प्रवक्ताको भूमिका निर्वाह गर्नुपर्नेछ ।

### ५. सचिव

१. महासचिवको मृत्यु भएमा, राजीनामा आएमा, पदमुक्त भएमा अथवा केही अवधिका लागि अनुपस्थित रहेमा निजको जिम्मेवारी सचिवले लिनुपर्नेछ ।
२. सचिवले महासचिवसँग निकटस्थ रही बैठकको आयोजना गर्न तथा बैठकको कामकारबाहीको अभिलेख राख्न सहयोग गर्नुपर्नेछ ।
३. अध्यक्षको निर्देशनअनुसार महासचिवको अनुपस्थितिमा सचिवले संस्थाको प्रवक्ताको रूपमा कार्य गर्नुपर्नेछ ।
४. सूचना प्रविधि समूहसँग समन्वय गरेर सचिवले अनेसासको वेबसाइट व्यवस्थित गर्ने तथा सामाजिक सञ्जाललाई समयअनुसार अद्यावधिक गर्ने कार्य गर्नुपर्नेछ ।
५. सचिवले कोषाध्यक्षको सहयोग लिएर सदस्यता सूची अद्यावधिक गर्न महासचिवलाई सहयोग गर्नुपर्नेछ तथा नयाँ आजीवन सदस्यलाई अध्यक्ष र महासचिवको हस्ताक्षरसहित प्रदान गरिने सदस्यताको प्रमाणपत्र तयार गर्नुपर्नेछ ।

### ६. कोषाध्यक्ष

१. कोषाध्यक्षले संस्थाको सबै प्रकारको कोषको जिम्मेवारी लिनुपर्नेछ ।
२. कोषाध्यक्षले संस्थाको बैङ्क खाता सञ्चालन गर्ने, रसिद र भौचर व्यवस्थित गर्ने तथा त्रैमासिक बैठकमा सम्पूर्ण आर्थिक कारोबारको प्रतिवेदन केन्द्रीय कार्यसमितिमा बुझाउने काम गर्नुपर्नेछ ।
३. आन्तरिक राजस्व सेवाले माग्ने कुनै पनि प्रकारको वार्षिक आर्थिक प्रतिवेदन अथवा आय-व्यय विवरण कोषाध्यक्षले तयार गर्नुपर्नेछ । आन्तरिक राजस्व सेवामा बुझाउनुपर्ने आय-व्यय विवरण फाराम विधिवत् रूपमा भर्ने र बुझाउने जिम्मेवारी पनि कोषाध्यक्षको नै हुनेछ ।
४. अध्यक्ष, महासचिव तथा च्याप्टरका अध्यक्षसँग नजिकबाट सहकार्य गरी कोषाध्यक्षले सदस्यताको नामावली व्यवस्थित र प्रकाशित गर्नुपर्नेछ । सदस्यको नामावली वार्षिक रूपमा प्रकाशित गर्नुपर्नेछ ।
५. कोषाध्यक्षले बैङ्कमा जम्मा गरिएको सदस्यता शुल्कका आधारमा नयाँ सदस्यको सूचीलाई अनुमोदन गर्नुपर्नेछ र नयाँ आजीवन सदस्यलाई सदस्यताको प्रमाणपत्र दिन सचिवसमक्ष सिफारिस गर्नुपर्नेछ ।
६. प्रत्येक बैङ्क कारोबारमा कोषाध्यक्ष सह-हस्ताक्षरकर्ता हुनुपर्नेछ । आकस्मिक अवस्थामा संस्थाको कोषबाट ५०० डलरसम्मको खर्च गर्ने अधिकार कोषाध्यक्षसँग हुनेछ ।

### ७. कार्यकारी सदस्यहरू

१. कार्यकारी सदस्यले वार्षिक, त्रैमासिक तथा विशेष बैठकहरूमा सहभागी हुनुपर्नेछ ।
२. कार्यकारी सदस्यले केन्द्रीय कार्यसमितिले तोकेअनुसारका कार्यदल अथवा विशेष परियोजनाहरूमा सदस्यको रूपमा काम गर्नुपर्नेछ ।
३. कार्यकारी सदस्यले अनेसासको ध्येय, लक्ष्य तथा उद्देश्यका बारेमा कुनै नयाँ कुरा भए बैठकमा त्यसबारे अवगत गराउनुपर्नेछ ।
४. कार्यकारी सदस्यले आफूसम्बद्ध क्षेत्रमा संस्थाका गतिविधिलाई सुदृढ गर्नका लागि वरिष्ठ उपाध्यक्षलाई परामर्शदाता निकायको रूपमा सहयोग हुने काम गर्नुपर्नेछ अथवा केन्द्रीय कार्यसमितिले तोकेको दायित्वको निर्वहन गर्नुपर्नेछ ।

## ७.५ बैठक स्थान

कार्यसमितिको बैठक पूर्वसूचनासहित भौतिक उपस्थितिमा अथवा अनलाइन माध्यमबाट पनि हुन सक्नेछ । तर बैठकको कार्यविवरण लिखित रूपमा तयार गर्नुपर्नेछ ।

## ७.६ बार्षिक क्यालेण्डर

अनेसासको हकमा बार्षिक क्यालेण्डर जनवरी १ बाट सुरु भई डिसेम्बर ३१ सम्म हुनेछ ।

## ७.७ केन्द्रीय कार्यसमिति बैठक

१. केन्द्रीय कार्यसमितिको बैठक त्रैमासिक रूपमा हुनेछ । बैठकको मिति, स्थान र समयबारे महासचिवले सात दिनअगाडि नै कार्यसमितिलाई सूचित गर्नुपर्नेछ ।

२. केन्द्रीय कार्यसमितिले अर्को नियमित बैठकको स्थान, मिति र समय एक प्रस्ताव पारित गरेर निर्धारण गर्न सक्नेछ ।
३. केन्द्रीय कार्यसमितिले बैठकमा छलफल गरिने बुँदा बैठक सुरु हुनुभन्दा २४ घण्टाअगाडि नै अनुमोदन गर्नुपर्नेछ । महासचिवले बैठकको सम्पूर्ण बेहोराको टिपोट गर्नुपर्नेछ ।
४. केन्द्रीय कार्यसमितिको बैठकमा कूल सदस्य सङ्ख्याको एक-तिहाइलाई गणपूरक सङ्ख्या मानिने छ । कुनै प्रस्ताव पारित गर्न मतदानको आवश्यकता परेमा लिखित मतलाई पनि स्वीकार गरिनेछ ।
५. कुनै पनि प्रोक्सी मत केन्द्रीय कार्यसमितिको बैठकमा स्वीकार्य हुनेछैन ।

### ७.८ विशेष बैठक

कुनै विषयमा तत्काल निर्णय लिनुपर्ने अवस्था आएमा र त्रैमासिक अथवा वार्षिक बैठक पर्खन नसक्ने अवस्था आएमा ५१ प्रतिशत कार्यकारी सदस्य अथवा ९ जना कार्यकारी सदस्य (दुईमध्ये जुनको सङ्ख्या कम हुन्छ)ले विशेष बैठक आह्वान गर्न सक्नेछन् । यस्तो अवस्थामा केन्द्रीय कार्यसमितिले सबै सदस्यलाई सम्भव भएसम्म लिखित सूचना पठाएर बैठक आह्वान गर्नुपर्नेछ ।

### ७.९ कार्यसमिति बैठकको सूचना

कार्यसमितिको नियमित वा विशेष बैठकको सूचना लिखित रूपमा कार्यसमितिका प्रत्येक सदस्यलाई बैठकभन्दा ७ (सात) दिनअगाडि नै व्यक्तिगत रूपमा अथवा हुलाक, इमेल वा तारबाट दिनुपर्नेछ । यदि कार्यसमितिका बहुमत सदस्यहरू कार्यसमितिको नियमित वा विशेष बैठकमा उपस्थित भएको अवस्थामा भने पूर्वसूचनाविना पनि बैठक सञ्चालन गर्न बाधा पुग्नेछैन । कुनै पनि कार्यकारी बोर्डको सदस्यको कुनै पनि नियमित अथवा विशेष बैठकमा उपस्थितिलाई यसरी पठाइएका सूचनाको सम्मानको रूपमा लिइनेछ ।

## धारा ८
## केन्द्रीय कार्यसमितिको निर्वाचन

### ८.१ निर्वाचनसमिति

१. केन्द्रीय कार्यसमितिले बोर्ड अफ् ट्रस्टीजसँगको परामर्शमा निर्वाचन हुनुभन्दा ६० दिनअगाडि नै एक जना निर्वाचन आयुक्तको मनोनयन गर्नेछ र आयुक्तसहित ३ वा ५ सदस्यको निर्वाचनसमिति गठन गर्नेछ ।
२. निर्वाचनसमितिले निर्वाचनको सम्पूर्ण तालिका केन्द्रीय कार्यसमितिमा बुझाउनेछ र त्यसलाई सबैको सूचनाका लागि अनेसासको वेबसाइटमा राख्न अनुरोध गर्नेछ ।
३. निर्वाचनसमितिले अनुमोदित कार्य तालिकासहित निर्वाचनका लागि तय गरिएको मितिभन्दा कम्तीमा ३० दिनअगाडि नै निर्वाचनको सम्पूर्ण प्रक्रिया उल्लेख भएको निर्वाचनको सूचना प्रकाशित गर्नेछ ।
४. निर्वाचनसमितिले निर्वाचनका लागि निर्धारण गरेका नियमहरूको पालना गर्नुपर्नेछ । साथै समितिले विधानको अधीनमा रही निर्वाचनका लागि अन्य नियम पनि कायम गर्न सक्नेछ ।
५. सदस्यहरूको अद्यावधिक नामावली प्राप्त गर्नका लागि निर्वाचनसमितिले केन्द्रीय अध्यक्षसँग नजिक रही सहकार्य गर्नुपर्नेछ ।
६. निर्वाचनसमितिले सबै सदस्यको तालिकालाई रुजु एवम् अनुमोदन गरी अनुमोदित सदस्यको सूची अनेसासको वेबसाइटमा प्रकाशित गर्नुपर्नेछ ।
७. निर्वाचनसमितिले वैधानिक मानिएका सबै उम्मेदवारलाई मतदाताको सूची निर्वाचन मितिभन्दा कम्तीमा चार हप्ताअगाडि नै उपलब्ध गराउनुपर्नेछ ।
८. निर्वाचन हुने प्रत्येक वर्षको अप्रिल महिनाको ३० तारिखपछि सदस्यता लिएका सदस्यहरूलाई मतदाताको सूचीमा सामेल गरिनेछैन ।
९. निर्वाचनसमितिले आवश्यकताअनुसार केन्द्रीय कार्यसमितिलाई सम्पर्क गर्न सक्नेछ ।
१०. निर्वाचनमा केन्द्रीय कार्यसमिति तथा बोर्ड अफ् ट्रस्टीजको निर्णयअनुसार गोप्य मतपत्र अथवा विद्युतीय मतपत्रमार्फत् मतदान गर्न सकिनेछ ।
११. निर्वाचनसमितिले जुलाई महिनाको १० तारिखसम्ममा चुनावको प्रक्रिया, परिणामको घोषणा, विजयी सदस्यको नामावली प्रकाशन गर्ने काम गरिसक्नुपर्नेछ ।
१२. कुनै पनि निर्धारित पदका लागि सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई विजयी घोषणा गरिनेछ ।
१३. वैधानिक सदस्य अथवा सदस्य बन्न योग्य व्यक्तिको नाम मतदाता नामावलीमा छुटेको अवस्थामा अथवा कुनै अवैधानिक सदस्यको नाम त्यहाँ परेको पाइएमा कुनै पनि मतदाताले निर्वाचनसमितिमा लिखित उजुरी दिन सक्नेछ । यस प्रकारको उजुरी निर्वाचनसमितिमा आइपुगेमा समितिले संस्थाको विधानअनुसार निर्णय लिन वा छानबिन गर्न सक्नेछ ।
१४. निर्वाचनसमितिले गोपनीयता कायम गर्नुपर्नेछ । निर्वाचन प्रक्रिया अथवा परिणामबारे अन्तिम निर्णय लिने अधिकार निर्वाचनसमितिमा निहित रहनेछ ।
१५. निर्वाचित अध्यक्षको शपथग्रहण समारोहको अध्यक्षता निर्वाचनसमितिका अध्यक्षले गर्नुपर्नेछ । अन्य निर्वाचित सदस्यको शपथको अध्यक्षता भने नवनिर्वाचित अध्यक्षले गर्नुपर्नेछ ।
१६. निर्वाचन सकिएर शपथग्रहण समारोह भएलगत्तै निर्वाचनसमिति भङ्ग हुनेछ ।
१७. निर्वाचनसमिति गठन गरेपछि पनि कुनै कारणले निर्धारित समयमा निर्वाचन हुन सकेन भने केन्द्रीय कार्यसमतिले यथेष्ट कारण खुलाएर बोर्ड अफ् ट्रस्टीजसँग परामर्श गरेर निर्वाचनलाई थप दुई महिनाका लागि पछि सार्न सक्नेछ । थपिएका दुई महिनामा पनि निर्वाचन गर्न सकिएन भने बोर्ड अफ् ट्रस्टीजले केन्द्रीय कार्यसमिति भङ्ग गर्न सक्नेछ र आगामी ३ महिनाभित्र निर्वाचन सम्पन्न गर्ने हेतुले ३ देखि ५ सदस्य रहेको एउटा तदर्थ समिति बनाउन सक्नेछ ।

## ८.२ मतदाताको योग्यता

१. हाल कायम भएका आजीवन सदस्य, संस्थागत सदस्यका प्रतिनिधि तथा ट्रस्टीले बहुमतबाट निर्वाचित हुने प्रक्रियाअन्तर्गत केन्द्रीय कार्यसमिति सदस्यका उम्मेदवारलाई मतदान गर्न सक्नेछन् ।
२. वैधानिक मतदाताको सूचीलाई अनुमोदन गर्ने अधिकार निर्वाचनसमितिमा हुनेछ । यसो गर्दा के सुनिश्चित गर्नुपर्छ भने नयाँ सदस्यले निर्वाचन हुने वर्षको अप्रिल महिनाको ३० तारिखसम्ममा सदस्यता लिइसकेको हुनुपर्नेछ ।
३. मतदाताले भोटर आइडी र पासवर्ड प्राप्त गर्नका लागि एउटा विशिष्ट इमेल ठेगाना दिनुपर्नेछ ।

## ८.३ केन्द्रीय कार्यसमितिको पदमा उम्मेदवारी दिनका लागि न्यूनतम योग्यता

### १. अध्यक्ष

१. अध्यक्षको उम्मेदवारले यस अगाडिको केन्द्रीय कार्यसमितिको सदस्यको रूपमा कम्तीमा दुई वर्षको एक कार्यकाल सेवा गरेको हुनुपर्नेछ ।
२. निर्वाचन हुने वर्षको अप्रिल महिनाको ३० तारिखसम्ममा उम्मेदवार संस्थाको आजीवन सदस्य वा ट्रस्टी भएको हुनुपर्नेछ ।
३. लगातार दुई कार्यकालभन्दा बढी कसैले पनि अध्यक्ष पदका लागि उम्मेदवारी दिन पाउनेछैन ।

### २. वरिष्ठ उपाध्यक्ष

१. वरिष्ठ उपाध्यक्षको पदका लागि उम्मेदवारी दिने व्यक्तिले यस अगाडिको केन्द्रीय कार्यसमितिमा रही कम्तीमा दुई वर्षको एक कार्यकाल सेवा गरेको हुनुपर्नेछ ।
२. यस पदको उम्मेदवारले निर्वाचन हुने वर्षको अप्रिल महिनाको ३० तारिखसम्ममा संस्थाको आजीवन सदस्य अथवा ट्रस्टी भएको हुनुपर्नेछ ।
३. यस पदका लागि एउटै उम्मेदवारले लगातार दुई कार्यकालभन्दा बढीका लागि उम्मेदवारी दिन पाउनेछैन ।

### ३. उपाध्यक्ष

१. यस पदका उम्मेदवारले अनेसासको विधान २०१६ मा उल्लेख भएबमोजिम आफूसँग सम्बन्धित क्षेत्रको कुनै च्याप्टर, सब-च्याप्टर अथवा क्षेत्रीय समितिमा कम्तीमा दुई वर्षको एक कार्यकाल सेवा गरेको हुनुपर्नेछ । यस्ता उम्मेदवारलाई स्थानीय च्याप्टरले कम्तीमा एक कार्यकाल च्याप्टरमा कार्य गरेको हो भनी प्रमाणित गर्नुपर्नेछ । तर अनेसासको विधानको सातौँ संशोधन अनुमोदन भएपछि च्याप्टरको अधीनमा नयाँ सब-च्याप्टर वा क्षेत्रीय समिति अथवा कुनै पनि देशमा स्वतन्त्र क्षेत्रीय समिति गठन गर्ने अनुमति दिइनेछैन ।
२. यस पदका उम्मेदवारले निर्वाचन हुने वर्षको अप्रिल ३० भन्दाअगाडि नै आजीवन सदस्य अथवा ट्रस्टी भइसक्नुपर्नेछ ।

### ४. महासचिव

१. महासचिवको उम्मेदवारले केन्द्रीय कार्यसमिति अथवा च्याप्टर कार्यसमितिमा रही कम्तीमा एक कार्यकाल सेवा गरेको हुनुपर्नेछ ।
२. यस पदका उम्मेदवारले निर्वाचन हुने वर्षको अप्रिल महिनाको ३० तारिखभन्दा अगाडि नै संस्थाको आजीवन सदस्य अथवा ट्रस्टी हुनुपर्नेछ ।

### ५. सचिव

१. सचिवको उम्मेदवारले केन्द्रीय कार्यसमिति अथवा च्याप्टरको कार्यसमितिमा रही अनेसास विधान २०१६ मा उल्लेख भएअनुसार कुनै सब-च्याप्टर वा आफू सम्बद्ध देशमा गठित कुनै क्षेत्रीय समितिमा रही कम्तीमा एक कार्यकाल सेवा गरेको हुनुपर्नेछ । तर अनेसासको विधानको सातौँ संशोधन अनुमोदन भएपछि च्याप्टरको अधीनमा नयाँ सब-च्याप्टर वा क्षेत्रीय समिति अथवा कुनै पनि देशमा क्षेत्रीय समिति गठन गर्न अनुमति दिइनेछैन ।
२. यस पदका उम्मेदवारले निर्वाचन हुने वर्षको अप्रिल महिनाको ३० तारिखभन्दा अगाडि नै संस्थाको आजीवन सदस्य अथवा ट्रस्टी हुनुपर्नेछ ।

### ६. कोषाध्यक्ष

१. कोषाध्यक्षको उम्मेदवारले केन्द्रीय कार्यसमिति अथवा च्याप्टर कार्यसमितिमा रही कम्तीमा एक कार्यकाल सेवा गरेको हुनुपर्नेछ ।
२. यस पदका उम्मेदवारले निर्वाचन हुने वर्षको अप्रिल महिनाको ३० तारिखभन्दा अगाडि नै संस्थाको आजीवन सदस्य अथवा ट्रस्टी हुनुपर्नेछ ।
३. यस पदको उम्मेदवार संयुक्त राज्य अमेरिकाको वैधानिक बासिन्दा अथवा नागरिक हुनुपर्नेछ ।
४. यस पदका उम्मेदवारसँग लेखाङ्कन तथा लेखापरीक्षणको अनुभव हुनुपर्नेछ ।

### ७. कार्यसमिति सदस्य

१. कार्यसमिति सदस्यको उम्मेदवारले आजीवन सदस्य अथवा ट्रस्टी सदस्यको रूपमा कम्तीमा दुई वर्ष कार्य गरिसकेको हुनुपर्नेछ ।

२. माथि उल्लिखित कुनै पनि पदमा, सदस्यताबाट पूर्ववत् निलम्बित अथवा खारेजी भएको खण्डमा, उम्मेदवारले उम्मेदवारी गर्ने दिनको कम्तीमा एक दिनअगाडि नै ट्रस्टी अथवा आजीवन सदस्यको सदस्यता लिइसकेको हुनुपर्नेछ ।

**८.४ केन्द्रीय कार्यसमितिमा रिक्त स्थानको पूर्ति**

१. निर्वाचनको पहिलो वर्षमै केन्द्रीय कार्यसमितिका लागि निर्वाचित कुनै सदस्यको पद कुनै पनि कारणले रिक्त हुन गएमा विशेष निर्वाचन प्रक्रियाबाट उक्त पदको पूर्ति गरिनेछ । यसरी व्यवस्था गरिएको निर्वाचनमा कसैको पनि उम्मेदवारी नपरेको खण्डमा कार्यसमितिले बहुमत भोटको आधारमा रिक्त पदका लागि पदाधिकारीको चयन गर्ने अधिकार राख्दछ ।
२. यदि यस्तो पद निर्वाचनको दोस्रो वर्षमा रिक्त हुन गएमा केन्द्रीय कार्यसमितिले उक्त पदका लागि बाँकी कार्यावधिका लागि सदस्य मनोनयन गर्ने अधिकार राख्दछ । यस्ता पदमा पदाधिकारी चयन गर्दा उनीहरूको योग्यता विधानबमोजिम भएको कुरा केन्द्रीय कार्यसमितिले सुनिश्चित गर्नेछ ।
३. केन्द्रीय कार्यसमितिका लागि निर्वाचित कुनै पनि सदस्यले आफूले शपथग्रहण गरेको ३० दिनभित्र च्याप्टरमा उनीहरूले समाल्दै आएको पदबाट राजीनामा दिनुपर्नेछ । केन्द्रीय कार्यसमितिमा रहेका कुनै पनि पदाधिकारीले च्याप्टरमा उम्मेदावरी दिने हो भने आफ्नो मौजुदा पदबाट राजीनामा दिनुपर्नेछ ।

## धारा ९
## बोर्ड अफ् ट्रस्टीज

**९.१ बोर्ड अफ् ट्रस्टीजको काम र कर्तव्य**

१. बोर्ड अफ् ट्रस्टीज २००० (दुई हजार मात्र) अमेरिकी डलर शुल्क तिर्ने सदस्यहरूबाट निर्वाचित सदस्यहरूको बोर्ड हो । सदस्यका पति वा पत्नीलाई १००० (एक हजार मात्र) अमेरिकी डलर तिरेको खण्डमा स्वतन्त्र मताधिकार र अन्य सुविधासहित ट्रस्टी सदस्यता प्रदान गरिनेछ ।
२. विधानको धारा ९(३) बमोजिम बोर्ड अफ् ट्रस्टीजको गठन गरिनेछ ।
३. बोर्डमा सामान्य र पुरस्कार क्षेत्रमा गरी दुई जना उपसभापति रहनेछन् । सामान्य उपसभापति वरीयता क्रममा सभापतिभन्दा एक तह तल रहनेछन् ।
४. पुरस्कार क्षेत्रका उपसभापति अनेसासको पुरस्कारका लागि गठित पुरस्कार व्यवस्थापन समितिको संयोजक हुनेछन् ।
५. बोर्ड अफ् ट्रस्टीजको सभापति पदमा एउटै व्यक्ति एकभन्दा बढी कार्यकालका लागि निर्वाचन हुन सक्नेछैन ।
६. एक ट्रस्टीको कार्यकाल आजीवन हुनेछ तर त्यस्तो सदस्यता एक व्यक्तिबाट अर्को व्यक्तिमा सार्न सकिनेछैन ।
७. बोर्ड अफ् ट्रस्टीजले बोर्डका सभापति र कोषाध्यक्षले संयुक्त रूपमा सञ्चालन गर्न सक्ने व्यवस्थासहित आफ्नो छुट्टै बैङ्क खाता कायम गर्नुपर्नेछ । यस कोषलाई 'अक्षयकोष' पनि भनिने छ । यस कोषमा जम्मा भएको रकमको ब्याजबाट हरेक दुई वर्षमा प्रदान गरिने अनेसास उत्कृष्ट पुस्तक पुरस्कार राशिको व्यवस्था गरिनेछ । तर यदि बोर्ड अफ् ट्रस्टीजले भवन किन्ने निर्णय गर्‍यो भने, अक्षयकोषबाट ७५००० डलर मुद्दती खातामा जम्मा गरी बाँकी रकम भवन खरिदको प्रयोजनका लागि खर्च गर्न सकिनेछ ।
८. बोर्ड अफ् ट्रस्टीजले केन्द्रीय कार्यसमितिसँग नजिक रूपमा सम्बन्ध कायम गरी कार्य सम्पादन गर्नुपर्नेछ ।
९. बोर्ड अफ् ट्रस्टीजले केन्द्रीय कार्यसमितिले बुझाएको वार्षिक योजनाको पुनरावलोकन गर्ने तथा प्रस्तावित कार्यक्रमले संस्थाको मान अथवा कोषमा कुनै प्रकारको व्यवधान निम्त्याउने छैन भनी सुनिश्चित गर्नुपर्नेछ ।
१०. बोर्ड अफ् ट्रस्टीजले नयाँ नीति बनाउने र केन्द्रीय कार्यसमितिलाई दिशानिर्देश गर्ने काम गर्नुपर्नेछ । यसको कार्यान्वयनको जिम्मा भने केन्द्रीय कार्यसमितिको हुनेछ ।
११. बोर्ड अफ् ट्रस्टीजले अनेसासलाई प्रतिष्ठा वा अर्थव्यवस्थाको कुनै पनि जोखिमबाट बचाउनेछ । संस्थाको लक्ष्य, उद्देश्य वा ध्येयसँग सम्झौता गरेको खण्डमा बोर्ड अफ् ट्रस्टीजले केन्द्रीय कार्यसमिति भङ्ग गर्न सक्नेछ ।
१२. बोर्ड अफ् ट्रस्टीजसँग आवश्यकताअनुसार पाँच जनासम्म सदस्य रहेको सल्लाहकार समिति तथा उपसमितिको गठन गर्ने अधिकार सुरक्षित रहनेछ ।
१३. बोर्ड अफ् ट्रस्टीजले एउटा गुनासो सुन्ने र एउटा न्याय निरूपण गर्ने समिति गठन गर्न सक्नेछ ।
१४. बोर्ड अफ् ट्रस्टीजले ट्रस्टी सदस्यहरूको सङ्ख्या बढाउनका लागि समेत काम गर्नेछ ।
१५. संस्थाको वित्तीय संसाधनलाई सुरक्षित राख्नका लागि बोर्ड अफ् ट्रस्टीजले सर्वोत्तम बाटो निर्धारण गर्नेछ ।
१६. संस्थामा एउटा मात्रै अनेसास पुरस्कार व्यवस्थापन समिति हुनेछ । बोर्ड अफ् ट्रस्टीजले केन्द्रीय कार्यसमितिसँग नजिकको समन्वयमा संस्थाको प्रतिष्ठामा आउन सक्ने कुनै पनि सम्भावित जोखिम न्यूनीकरण गर्ने हेतुले पारदर्शिता कायम गर्नेछ ।
१७. बोर्ड अफ् ट्रस्टीजले लेखापरीक्षण समितिको गठन गर्नेछ ।
१८. लेखापरीक्षण समितिले बोर्ड अफ् ट्रस्टीजका सभापति, केन्द्रीय समितिका अध्यक्ष तथा कोषाध्यक्षसँग सहकार्य गरी पारदर्शिता र नियमितता कायम गरी लेखापरीक्षण प्रतिवेदन प्रकाशित गर्नुपर्नेछ ।
१९. बोर्ड अफ् ट्रस्टीजले केन्द्रीय कार्यसमितिसँग समन्वय गरी उपसभापति (सामान्य)को संयोजकत्वमा अनेसास एकेडेमी समितिको गठन गर्नेछ ।

**९.२ कार्यकाल**

बोर्ड अफ् ट्रस्टीजका प्रत्येक सदस्यको कार्यकाल चार वर्षको हुनेछ र निजको उत्तराधिकारीले पदभार ग्रहण नगर्दासम्म कार्यकाल कायम रहेको मानिने छ ।

## ९.३ बोर्ड अफ् ट्रस्टीजमा कायम पदहरू

कुनै पनि ट्रस्टीले बोर्ड अफ् ट्रस्टीजको सदस्य हुने योग्यता राख्दछ । यस बोर्डमा मताधिकारसहितका सात सदस्य रहनेछन् । यसमा निम्नानुसारका पदहरू हुनेछन् ।

| सं | पद | संख्या | मताधिकार हुने /नहुने |
|---|---|---|---|
| १ | सभापति | १ | हुने |
| २ | उपसभापति, सामान्य (अनेसास एकेडेमी समितिका संयोजक) | १ | हुने |
| ३ | उपसभापति, पुरस्कार (अनेसास पुरस्कार व्यवस्थापन समितिका संयोजक) | १ | हुने |
| ४ | महासचिव | १ | हुने |
| ५ | सचिव | १ | हुने |
| ६ | कोषाध्यक्ष | १ | हुने |
| ७ | कार्यकारी सदस्य- जम्मा ३। सदस्य- २ खुल्ला, महिला- १ अनिवार्य | ३ | हुने |
| ८ | केन्द्रीय कार्यसमिति अध्यक्ष | १ | पदेन सदस्य, मताधिकार नहुने |

## ९.४ बोर्ड अफ् ट्रस्टीजको काम, कर्तव्य र अधिकार

### १. अध्यक्ष

१. बोर्ड अफ् ट्रस्टीजका सभापतिले संस्थाको परिकल्पना, लक्ष्य, उद्देश्य र नीतिको कार्यान्वयनको नेतृत्व गर्नुपर्नेछ ।
२. सभापतिले उच्च नैतिकताका साथ आफ्नो टिमको नेतृत्व गर्नुपर्नेछ ।
३. सभापतिले बोर्ड अफ् ट्रस्टीजको बैठकको सभापतित्व गर्नुपर्नेछ ।
४. अन्य संघसंस्थासँग सम्बन्ध विकसित गर्नका लागि सभापतिले केन्द्रीय कार्यसमितिसँग सहकार्य गर्नुपर्नेछ ।
५. बोर्ड अफ् ट्रस्टीजका सबै मासिक, त्रैमासिक, वार्षिक अथवा विशेष बैठकको सभापतित्व सभापतिले गर्नुपर्नेछ । बोर्ड अफ् ट्रस्टीज र केन्द्रीय कार्यसमितिको संयुक्त बैठकको नेतृत्व पनि बोर्ड अफ् ट्रस्टीजका सभापतिले नै गर्नुपर्नेछ ।
६. बोर्ड अफ् ट्रस्टीजका बहुमत सदस्यको अनुमति लिएर सभापतिले ३ देखि ५ सदस्य कायम हुने गरी गुनासो समिति, विधान पुनरावलोकन/संशोधन समिति, अनेसास लेखापरीक्षण समिति र न्यायिक समिति गठन गर्न सक्नेछ ।
७. वित्तीय पारदर्शिता कायम गर्नका लागि सभापतिले कोषाध्यक्षसँग सहकार्य गर्नुपर्नेछ ।
८. सभापति बोर्ड अफ् ट्रस्टीजले कायम गरेको बैङ्क खाताको सह-हस्ताक्षरकर्ता हुनेछ तथा आकस्मिक अवस्थामा ५०० डलरसम्मको चेक जारी गर्ने अथवा खर्च गर्ने अधिकार राख्नेछ ।

### २. उपसभापति (सामान्य)

१. सभापतिको निधन भएमा, राजीनामा आएमा, पदबाट मुक्त भएमा अथवा केही समयका लागि कार्यक्षेत्रमा अनुपस्थित रहेमा उपसभापतिले सभापतिको भूमिका निर्वाह गर्नुपर्नेछ ।
२. उपसभापतिले बोर्ड अफ् ट्रस्टीजले तोकेको जिम्मेवारी बहन गर्दै सभापतिलाई आफ्ना काम कारवाहीमा सहयोग गर्नुपर्नेछ ।
३. उपसभापति (सामान्य)ले केन्द्रीय कार्यसमितिसँगको समन्वयमा बोर्ड अफ् ट्रस्टीजद्वारा गठित अनेसास प्राज्ञिक समितिको संयोजकको रूपमा काम गर्नुपर्नेछ । उपसभापति (सामान्य)ले अन्य ४ सदस्यसहितको प्राज्ञिक समितिको गठन गर्नुपर्नेछ ।
४. उपसभापतिले वर्षमा कम्तीमा एउटा वार्षिक कार्यक्रम र ७५ प्रतिशत नियमित बैठकमा भाग लिनुपर्नेछ ।

### ३. उपसभापति (पुरस्कार व्यवस्थापन समितिका संयोजक)

१. उपसभापति (पुरस्कार)ले पुरस्कार समितिका सबै दस्तावेजको अभिलेखीकरण गर्नुपर्नेछ ।
२. उपसभापति (पुरस्कार)सँग पुरस्कार व्यवस्थापन समितिको बैठक तथा पुरस्कार वितरण समारोहको संयोजन तथा सभापतित्व गर्ने अधिकार रहन्छ ।
३. उपसभापति (पुरस्कार)ले उच्च नैतिकता कायम गर्दै कुनै पनि आर्थिक वा प्रतिष्ठासम्बन्धी जोखिमलाई हटाउनुपर्नेछ ।
४. उपसभापति (पुरस्कार)ले कुनै पनि पुरस्कारका लागि प्राप्त रकमलाई बोर्ड अफ् ट्रस्टीजको बैङ्क खातामा जम्मा गर्नुपर्नेछ ।
५. उपसभापति (पुरस्कार)ले पुरस्कार समारोहको आयोजनका लागि बोर्ड अफ् ट्रस्टीजका सभापति तथा केन्द्रीय कार्यसमितिका अध्यक्षसँग नजिक रही सहकार्य गर्नुपर्नेछ ।
६. उपसभापति (पुरस्कार)ले अनेसास उत्कृष्ट पुस्तक पुरस्कारका लागि ३ सदस्यीय पुस्तक मूल्याङ्कन समिति गठन गर्नुका साथै पुरस्कार चयन प्रक्रियाको विकास तथा व्यवस्थापनमा उक्त समितिलाई नेतृत्व प्रदान गर्नुपर्नेछ ।
७. उपसभापति (पुरस्कार)ले अनेसास उत्कृष्ट पुस्तक पुरस्कार वितरण समारोह तथा अन्य सम्बन्धित खर्चको व्यवस्थापनका लागि बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिका कोषाध्यक्षहरूसँग निकट रही सहकार्य गर्नुपर्नेछ ।
८. उपसभापति (पुरस्कार)ले केन्द्रीय कार्यसमितिसँग सम्बन्धित अन्य पुरस्कारको व्यवस्थापनका लागि केन्द्रीय कार्यसमितिका अध्यक्षसँग समन्वय गर्नुपर्नेछ ।

### ४. महासचिव

१. महासचिवले विधानले निर्दिष्ट गरेअनुसार यथासमयमा नियमित तथा विशेष बैठक बोलाउने कार्य गर्नुपर्नेछ ।
२. महासचिवले बोर्ड अफ् ट्रस्टीजको बैठकको सम्पूर्ण वेहोराको अभिलेख राख्नुपर्नेछ । बैठक सकिएको एक हप्ताभित्र निजले सबै सम्बन्धित सदस्यलाई बैठकको पूर्ण विवरण उपलब्ध गराउनुपर्नेछ ।
३. महासचिवसँग बोर्ड अफ् ट्रस्टीजसँग सम्बन्धित सबै आधिकारिक रेकर्डको व्यवस्थापन र सुरक्षित अभिलेखीकरण गर्ने दायित्व पनि रहनेछ ।
४. संस्थालाई प्रशासनिक सहयोग पुऱ्याउनका लागि महासचिवले सभापतिसँग निकट रही कार्य गर्नुपर्नेछ ।
५. अनेसासका गतिविधिलाई विधिसम्मत बनाउनका लागि महासचिवले सभापतिको दिशानिर्देशनमा काम गर्नुपर्नेछ ।

### ५. सचिव

१. महासचिवको निधन भएमा, महासचिवले राजीनामा दिएमा, खारेजी भएमा अथवा अस्थायी अनुपस्थिति भएको खण्डमा सचिवले महासचिवको भूमिका निर्वाह गर्नुपर्नेहुन्छ ।
२. बैठक सञ्चालन गर्न तथा बैठकको सम्पूर्ण अभिलेखको व्यवस्थापन गर्न सचिवले महासचिवसँग निकट रही सहकार्य गर्नुपर्नेछ ।
३. महासचिवको अनुपस्थितिमा, सभापतिको निर्देशनअनुसार सचिवले संस्थाको प्रवक्ताको रूपमा कार्य गर्नुपर्नेछ ।
४. प्रविधि समितिसँग समन्वय गरेर सचिवले अनेसासका गतिविधिलाई अद्यावधिक गर्नका निमित्त अनेसासको वेबसाइट तथा सामाजिक सञ्जाललाई व्यस्थित गर्नुपर्नेहुन्छ ।
५. कोषाध्यक्षको सहयोग लिएर सचिवले सदस्यहरूको सूची अद्यावधिक गर्ने कार्यमा महासचिवलाई सहयोग गर्नुपर्नेछ; ट्रस्टी सदस्यहरूको सदस्यता प्रमाणपत्र तयार गर्नुपर्नेछ र तिनमा महासचिव तथा सभापतिबाट हस्ताक्षर गराई सम्बन्धित ट्रस्टी सदस्यलाई उपलब्ध गराउनुपर्नेछ ।

### ६. कोषाध्यक्ष

१. कोषाध्यक्षलाई ट्रस्टीजका सबै कोषहरूको जिम्मेवारी हुनेछ ।
२. कुनै नयाँ ट्रस्टीले सदस्यता लिएमा निजको सदस्यता शुल्क सदस्यता लिएको मितिबाट एक हप्ताभित्र खातामा जम्मा गर्ने दायित्व कोषाध्यक्षको हुनेछ ।
३. कोषाध्यक्षले ट्रस्टीको बैङ्क खाता, रसिद तथा भौचरको व्यवस्थापन गर्नुका साथै सबै वित्तीय प्रतिवेदन तयार पारी त्रैमासिक बैठकमा बोर्डसमक्ष प्रस्तुत गर्नुपर्नेछ ।
४. कोषाध्यक्षले वित्तीय समितिसँग सहकार्य गरेर सबै रसिद, भौचर, आय-व्यय विवरण आदिका साथै आन्तरिक राजस्व सेवामा आय-व्यय विवरण बुझाउने तथा वार्षिक आर्थिक प्रतिवेदन तयार गर्ने काम गर्नुपर्नेछ ।
५. बोर्ड अफ् ट्रस्टीजको बैङ्क खाताको सह-हस्ताक्षरकर्ता कोषाध्यक्ष हुनेछ । आकस्मिक अवस्थाको बेला कोषाध्यक्षसँग बोर्ड अफ् ट्रस्टीजको खाताबाट चेक निष्कासन गर्ने वा ५०० डलर खर्च गर्ने अधिकार रहनेछ ।

### ७. कार्यकारी सदस्य

१. कार्यकारी सदस्यले नियमित तथा विशेष बैठकमा सामेल हुनुपर्नेछ ।
२. यस्ता सदस्यले बोर्ड अफ् ट्रस्टीजद्वारा निर्देशित योजना वा कार्यक्रमहरूमा काम गर्नुपर्नेछ ।
३. यस्ता सदस्यले बोर्ड अफ् ट्रस्टीजका सदस्यको सङ्ख्या बढाउने दिशामा सहयोग गर्नुपर्नेछ ।
४. सदस्यले बोर्ड अफ् ट्रस्टीजका वर्षभरिका कूल बैठकमध्येका ७५ प्रतिशत बैठकमा सामेल हुनुपर्नेछ ।

### ८. ट्रस्टी सदस्य

१. ट्रस्टी सदस्यहरूले विशेष बैठकमा भाग लिनुपर्नेछ ।
२. ट्रस्टी सदस्यहरूले बोर्ड अफ् ट्रस्टीजले निर्धारण गरेका विशेष योजनाहरूमा काम गर्नुपर्नेछ ।
३. ट्रस्टी सदस्यहरूले के सुनिश्चित गर्नुपर्छ भने बोर्डले अनेसासको विधानलाई अक्षरसः पालना गर्ने तथा आवश्यक प्रतिक्रिया दिने कार्यमा उच्च गुणस्तर कायम गरोस् तथा आवश्यक सुझाव देओस् ।

## ९.५ बोर्ड अफ् ट्रस्टीजको बैठक

१. बोर्ड अफ् ट्रस्टीजको बैठक मासिक रूपमा हुनेछ ।
२. बोर्ड अफ् ट्रस्टीजको बैठकमा छलफल हुने विषयहरू बैठकभन्दा २४ घण्टाअगाडि नै बोर्ड अफ् ट्रस्टीजले अनुमोदन गर्नुपर्नेछ । महासचिवले सबै बैठकको कारबाहीको विवरण कायम गर्नुपर्नेछ ।
३. महासचिवले बोर्ड अफ् ट्रस्टीजका कार्यकारी सदस्यलाई बैठकको सूचना कम्तीमा सात दिनअगाडि नै इमेल वा सञ्चारका अन्य माध्यमबाट लिखित रूपमा दिनुपर्नेछ ।
४. बोर्ड अफ् ट्रस्टीजको पहिलो बैठकका लागि समिति सदस्यको कूल सङ्ख्याको ५१ प्रतिशत गणपूरक सङ्ख्या मानिएको छ । कारणवश् पहिलो बैठक स्थगित भयो भने महासचिवले दोस्रो बैठक बोलाउन सक्नेछन् जसका लागि ३३ प्रतिशत सदस्यको सङ्ख्यालाई गणपूरक सङ्ख्या मानिनेछ ।
५. यस्तो बैठकमा प्रोक्सी मतको अनुमति रहनेछैन ।

## ९.६ विशेष बैठक

बोर्ड अफ् ट्रस्टीजको आसन्न बैठकभन्दा अगाडि नै निरूपण गर्नुपर्ने कुनै विषय देखा परेमा तथा आसन्न नियमित बैठक अथवा वार्षिक साधारणसभा पर्खन नसक्ने अवस्था आएमा ५१ प्रतिशत ट्रस्टी, अथवा बोर्डका चार सदस्यले (दुईमा जो कम हुन्छ त्यसैले) लिखित निवेदन दिएर विशेष बैठक आह्वान गर्न सक्नेछन् । त्यो अवस्थामा सम्भव भएको हदसम्म सबै सदस्यलाई लिखित सूचना दिएर बैठक आह्वान गर्नेछ ।

## ९.७ बोर्ड अफ् ट्रस्टीजको निर्वाचन प्रक्रिया

१. यस विधानको धारा ९.३ मा उल्लिखित पदका लागि निर्वाचन गरिनेछ ।
२. बोर्ड अफ् ट्रस्टीजले निर्वाचनको मितिभन्दा ६० दिनअगाडि नै निर्वाचन आयुक्तको मनोनयन गर्नेछ र आयुक्तसहित ३ वा ५ सदस्यीय निर्वाचनसमिति गठन गर्नेछ । आयोगमा निर्वाचनसम्बन्धी कार्यमा अनुभव भएका आजीवन सदस्य वा ट्रस्टीहरू सदस्य रहन सक्नेछन् ।
३. निर्वाचनसमितिले अनुमोदित कार्यतालिकासहित निर्वाचनका लागि तय गरिएको मितिभन्दा कम्तीमा ३० दिनअगाडि नै निर्वाचनको सम्पूर्ण प्रक्रिया उल्लेख भएको निर्वाचनको सूचना प्रकाशित गर्नेछ ।
४. सदस्यहरूको अद्यावधिक नामावली प्राप्त गर्नका लागि निर्वाचनसमितिले सभापतिसँग नजिक रही सहकार्य गर्नुपर्नेछ ।
५. निर्वाचनसमितिले सबै ट्रस्टीको सूचीलाई रुजु एवम् अनुमोदन गरी अनुमोदित सदस्यको सूची अनेसासको वेबसाइटमा प्रकाशित गर्नुपर्नेछ ।
६. निर्वाचनसमितिले वैधानिक मानिएका सबै उम्मेदवारलाई मतदाताको सूची उपलब्ध गराउनुपर्नेछ ।
७. निर्वाचनसमितिले आवश्यकताअनुसार बोर्ड अफ् ट्रस्टीजलाई सम्पर्क गर्न सक्नेछ ।
८. निर्वाचनलाई बोर्ड अफ् ट्रस्टीजको निर्णयअनुसार गोप्य मतपत्र अथवा विद्युतीय मतपत्रमार्फत् गर्न सकिनेछ ।
९. निर्वाचनसमितिले गोपनीयता कायम गर्नुपर्नेछ । निर्वाचन प्रक्रिया अथवा परिणामाबारे अन्तिम निर्णय लिने अधिकार निर्वाचनसमितिमा निहित रहनेछ ।
१०. निर्वाचनसमितिले निर्वाचन भएको वर्षको डिसेम्बर १५ तारिखसम्ममा सम्पूर्ण निर्वाचन प्रक्रिया सम्पन्न गरी, परिणाम प्रमाणित गरी, बोर्ड अफ् ट्रस्टीजको मौजुदा कार्यसमितिसमक्ष नवनिर्वाचित कार्यसमितिको सूची हस्तान्तरण गरिसक्नुपर्नेछ ।
११. निर्वाचित सभापतिको शपथग्रहण समारोहको अध्यक्षता निर्वाचनसमितिका अध्यक्षले गर्नुपर्नेछ । अन्य निर्वाचित सदस्यको शपथको अध्यक्षता भने नवनिर्वाचित सभापतिले प्रमुख निर्वाचन आयुक्तको उपस्थितिमा गर्नुपर्नेछ ।
१२. बोर्ड अफ् ट्रस्टीजको शपथग्रहण सकिएलगत्तै निर्वाचनसमिति भङ्ग हुनेछ ।
१३. निर्वाचनसमिति गठन गरिसकेपछि कुनै पनि कारणले निर्वाचन प्रक्रिया निर्धारित मितिमा सम्पन्न हुन नसकेको खण्डमा बोर्ड अफ् ट्रस्टीजले आफ्ना सल्लाहकारहरूसँगको परामर्शमा उचित कारण देखाई निर्वाचनको समयावधिलाई दुई महिना थप गर्न सक्नेछ ।

## ९.८ मतदाताको वैधानिकता

टस्ट्रीहरूबाट बोर्ड अफ् ट्रस्टीजको निर्वाचन बहुमतबाट हुनेछ । ट्रस्टी सदस्यहरूको सूचीलाई निर्वाचनसमितिले निर्वाचनको मितिभन्दा अगाडि नै अनुमोदन गरिसक्नुपर्नेछ ।

## ९.९ बोर्ड अफ् ट्रस्टीजका लागि उम्मेदवारको न्यूनतम योग्यता

### १. सभापति

१. बोर्ड अफ् ट्रस्टीजको सभापति पदको उम्मेदवारले यसअगाडि कम्तीमा ४ वर्षको एक कार्यकाल बोर्डको सदस्यको रूपमा काम गरिसकेको हुनुपर्नेछ ।
२. बोर्ड अफ् ट्रस्टीजको सभापति भइसकेको व्यक्ति दुईपटक भन्दा बढी सोही पदमा निर्वाचित हुन पाउनेछैन ।

### २. उपसभापति

उपसभापतिको उम्मेदवारले आवश्यक सदस्यता शुल्क बुझाएको तथा कम्तीमा पाँच वर्ष बोर्ड अफ् ट्रष्टीजको सदस्यमा रही काम गरिसकेको हुनुपर्नेछ ।

### ३. महासचिव तथा सचिव

महासचिव तथा सचिव पदका उम्मेदवारले आवश्यक सदस्यता शुल्क बुझाएको तथा कम्तीमा दुई वर्ष बोर्ड अफ् ट्रष्टीजको सदस्यमा रही काम गरिसकेको हुनुपर्नेछ ।

### ४. कोषाध्यक्ष

१. कोषाध्यक्ष पदका उम्मेदवारले आवश्यक सदस्यता शुल्क बुझाएको तथा कम्तीमा दुई वर्ष काम गरिसकेको हुनुपर्नेछ ।
२. कोषाध्यक्षको उम्मेदवार अमेरिकाको वैधानिक बासिन्दा अथवा नागरिक हुनुपर्छ ।

### ५. पुरस्कार समितिका संयोजक

कम्तीमा पाँच वर्ष ट्रस्टी सदस्यको रूपमा काम गरिसकेको व्यक्ति पुरस्कार समितिको संयोजक पदमा उम्मेदवारी दिन योग्य हुनेछ ।

## ९.१० बोर्ड अफ् ट्रस्टीजका कार्यकारी सदस्य

कम्तीमा दुई वर्ष ट्रस्टी सदस्यका रूपमा काम गरिसकेका व्यक्तिहरू बोर्ड अफ् ट्रस्टीजका कार्यकारी सदस्य पदमा उम्मेदवारी दिन योग्य हुनेछन् ।

## ९.११ बोर्ड अफ् ट्रस्टीजमा रिक्त भएका पदको परिपूर्ति

कुनै पनि कारणले निर्वाचन भएको पहिलो दुई वर्षभित्र बोर्ड अफ् ट्रस्टीजका कुनै पनि सदस्यको पद रिक्त हुन आएमा उक्त पदलाई विशेष निर्वाचनबाट परिपूर्ति गरिनेछ । यस्तो स्थितिमा बोर्डले विधानको धारा ९.७ (२) बमोजिम निर्वाचनसमिति गठन गर्नेछ । यस्तो रिक्तता तेस्रो वर्षमा हुन आएमा बोर्ड अफ् ट्रस्टीजसँग कुनै व्यक्तिलाई बाँकी कार्यावधिका लागि रिक्त पदमा मनोनित गर्ने अधिकार रहनेछ ।

# धारा १०
# अविश्वास प्रस्ताव

१. १० प्रतिशत आजीवन सदस्य अथवा बोर्ड अफ् ट्रस्टीज सदस्यहरूले अविश्वास प्रस्तावलगायत विशेष प्रयोजनका लागि विशेष बैठक बोलाइयोस् भनेर तहअनुसार स्थानीय च्याप्टर, केन्द्रीय कार्यसमिति अथवा बोर्ड अफ् ट्रस्टीजलाई लिखित निवेदन दिन सक्नेछन् ।
२. यस्तो लिखित निवेदन इमेल अथवा अन्य वैधानिक अनलाइन माध्यमबाट पेस गर्न सकिनेछ ।
३. यसरी बोलाइएको बैठकमा कूल आजीवन सदस्यको ५५ प्रतिशत सदस्य उपस्थित हुनुपर्नेछ र कुल उपस्थित सदस्यबाट कम्तीमा ६६ प्रतिशतले प्रस्तावको पक्षमा मतदान गरेको हुनुपर्नेछ ।

# धारा ११
# साधारण सभा

१. अनेसासमा साधारण सभा सबैभन्दा शक्तिशाली निकाय हुनेछ ।
२. साधारण सभाको बैठक हरेक वर्ष जुलाई महिनामा पर्ने भानुजयन्तीका दिन आयोजना हुनेछ ।
३. साधारण सभामा साधारण सदस्य, आजीवन सदस्य, संस्थागत सदस्य र ट्रस्टीहरू रहनेछन् ।
४. साधारण सभासँग गणपूरक संख्याको एक तिहाइ (१/३) र बहुमतले बोर्ड अफ् ट्रस्टीज र केन्द्रीय कार्यसमितिले गरेका निर्णयहरू संशोधन गर्न सक्ने अधिकार रहनेछ ।
५. साधारणसभासँग गणपूरक सङ्ख्याको ५१ प्रतिशत र बहुमतले केन्द्रीय कार्यसमितिलाई भङ्ग गर्न सक्ने अधिकार रहनेछ ।
६. साधारण सभामा हुने मतदानमा प्रोक्सी मतदानको व्यवस्था रहनेछैन ।
७. साधारणसभासँग गणपूरक सङ्ख्याको ५१ प्रतिशत र दुई-तिहाइ (२/३) मतबाट विधान संशोधन गर्न सक्ने अधिकार रहनेछ ।
८. माथिका बुँदा ५ र ७ मा उल्लेख भएबमोजिमको न्यूनतम सङ्ख्या उपस्थित हुन नसकेको खण्डमा एक-तिहाइ सदस्यको उपस्थिति तथा त्यस उपस्थितिको दुई-तिहाइ मतबाट विधान संशोधन हुन सक्नेछ ।

# धारा १२
# च्याप्टरहरू

१. कम्तीमा १० जना इच्छुक सदस्यहरूको समूहले नयाँ च्याप्टर खोल्नका लागि लिखित निवेदन दिन सक्नेछन् । विधानसम्मत रूपमा आएका निवेदनको हकमा निवेदन प्राप्त भएको चार हप्ताभित्र केन्द्रीय कार्यसमितिले उक्त च्याप्टर खोल्ने अनुमति दिन सक्नेछ ।
२. यसरी दिइएको अनुमतिबारे केन्द्रीय कार्यसमितिले बोर्ड अफ् ट्रस्टीजलाई सूचित गर्नेछ ।
३. यस विधानको धारा ६.२ अनुसार प्रत्येक च्याप्टरले १० जना आजीवन सदस्यको शुल्क केन्द्रीय कार्यसमितिलाई च्याप्टर गठनका लागि अनुमति पाएको मितिले ९० दिनभित्र बुझाउनुपर्नेछ र सोही सङ्ख्यामा आजीवन सदस्यको नियुक्ति नहुँदासम्म च्याप्टरको हैसियत अस्थायी मानिने छ ।
४. गठन भएको ६० दिनभित्र च्याप्टरले पाँच सदस्यीय कार्यसमिति चयन गर्नुपर्नेछ, जसमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष रहनेछन् । च्याप्टर कार्यसमितिमा ९ देखि १७ जना सदस्य रहन सक्नेछन् ।
५. एक सदस्यसँग एउटा मात्रै च्याप्टरका लागि मतदान गर्ने अधिकार हुनेछ ।
६. कुनै पनि च्याप्टरको सम्बन्धन रद्द गर्ने अधिकार केन्द्रीय कार्यसमितिसँग हुनेछ । अनेसासलाई प्रतिष्ठा अथवा वित्तीय जोखिमबाट बचाउने हेतुले लिइएको यस्तो निर्णयलाई केन्द्रीय कार्यसमितिले बोर्ड अफ् ट्रस्टीजमा लिखित रूपमा जानकारी गराउनुपर्नेछ ।
७. सबै च्याप्टरहरूले स्थानीय कानुनको पालना गर्नुपर्नेछ ।
८. सबै च्याप्टरहरूले आ-आफ्नो विधान र त्यसको संशोधनको प्रतिलिपि केन्द्रीय कार्यसमितिलाई बुझाउनुपर्नेछ ।
९. सबै च्याप्टरहरूले आ-आफ्नो बैङ्क खाता कायम गर्न सक्नेछन् र यसका लागि स्थानीय सरकारको नियम पालना गर्नुपर्नेछ । यस्ता च्याप्टरहरूलाई स्थानीय कानुनको अधीनमा रही आफूलाई गैरनाफामूलक संस्थाको रूपमा दर्ता गर्न प्रोत्साहित गरिनेछ ।
१०. सबै च्याप्टरहरूले वित्तीय पारदर्शिता कायम गरी उच्च नैतिकता कायम गर्नुपर्नेछ ।
११. सबै च्याप्टरहरूले वर्षको ३ वटा साहित्यिक कार्यक्रम अनिवार्य रूपमा गर्नुपर्नेछ ।

१२. च्याप्टरसँग आफूले चाहेमा मुखपत्र अथवा पत्रिका प्रकाशन गर्ने अधिकार रहनेछ ।

१३. च्याप्टरको विधान स्थानीय कानुनभन्दा बाहेक अनेसासको केन्द्रीय विधानसँग कुनै पनि बुँदामा बाझिएमा केन्द्रीय विधान नै मान्य हुनेछ र च्याप्टरको विधानलाई अवैधानिक र प्रभावहीन ठहर गरिनेछ ।

१४. यो संशोधन पारित भएपछि तुरुन्तै सबै उप-च्याप्टर अथवा क्षेत्रीय/प्रान्तीय समिति भङ्ग हुनेछन् । त्यसपछि कुनै पनि च्याप्टरले यस विधानको अधीनमा रहेको कुनै नयाँ उप-च्याप्टर, क्षेत्रीय वा प्रान्तीय समिति बनाउन सक्नेछैन ।

१५. सबै च्याप्टरहरूले हरेक कार्यकालका लागि आफ्नो कार्यसमितिको निर्वाचन त्यस वर्षको मे महिनाभित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

१६. सबै च्याप्टरहरूले आफ्नो नामको अन्त्यमा 'च्याप्टर' शब्द अनिवार्य रूपमा लेख्नुपर्नेछ ।

१७. सबै च्याप्टरहरूले केन्द्रीय कार्यसमितिले तयार गरेको निर्देशिकाको पालना गर्नुपर्नेछ र स्थानीय कानुनलाई संस्थाको बिधानसँग अनुकूलित हुने गरी पालना गर्नुपर्नेछ ।

## धारा १३
## अनेसासका च्याप्टरहरूको काम-कर्तव्य

अनेसासका च्याप्टरहरूको काम-कर्तव्य निम्नानुसार हुनेछन् :

१. अनेसासको स्थानीय कार्यसमितिको रूपमा काम गर्ने ।

२. अनेसासको परिकल्पना, लक्ष्य, उद्देश्य तथा सदस्यता अभियानको प्रवर्धन गर्ने ।

३. अनेसाससँग सम्बन्धित गतिविधिलाई च्याप्टरभित्र समन्वय गरेर कार्यान्वयन गर्ने ।

४. बोर्ड अफ् ट्रस्टीजको अनेसाससम्बन्धी नीतिलाई कार्यान्वयन गर्ने ।

५. च्याप्टर र यससँग सम्बन्धित अन्य विषयका सम्बन्धमा अनेसासको केन्द्रीय कार्यसमितिलाई सल्लाह दिने

६. मौजुदा च्याप्टरको कार्यसमितिका सदस्य अथवा निर्वाचित पदाधिकारीले अनेसासको केन्द्रीय कार्यसमिति निर्वाचनमा उम्मेदवारी दिन पाउनेछैन । कुनै पनि आजीवन सदस्यसँग च्याप्टरको कुनै पदीय जिम्मेवारी छ भने निजले उक्त पदबाट राजीनामा दिएपछि मात्रै अनेसास केन्द्रीय कार्यसमिति निर्वाचनमा उम्मेदवारी दिन पाउनेछन् ।

## धारा १४
## नेपाल च्याप्टर

१. नेपालमा एउटा मात्रै च्याप्टर रहनेछ र त्यसलाई 'नेपाल च्याप्टर' भनिनेछ । यो 'स्वदेश च्याप्टर'को रूपमा विश्वभरि रहेका सबै नेपाली लेखकहरूका लागि नमूना च्याप्टर हुनेछ ।

२. यस विधानको संशोधनपछि सबै अन्य क्षेत्रीय समितिहरू भङ्ग हुनेछन् ।

३. नेपाल च्याप्टरको कार्यसमिति गठनका लागि नेपालभित्रका सबै राजनैतिक क्षेत्र (प्रदेश)बाट कम्तीमा एक जना सदस्यको निर्वाचन गरिनेछ ।

४. अनेसास मुख्यालयले नेपालमा नेपाल च्याप्टरको संयोजनमा एउटा अनेसास सम्पर्क कार्यालय स्थापित गर्नेछ ।

५. नेपाल च्याप्टरले नेपालबाहिर रहेका नेपाली लेखकहरूले अनुरोध गरेअनुसार साहित्यिक तथा अन्य विशेष कार्यक्रमको आयोजना गर्नेछ ।

६. नेपाल च्याप्टरले अन्य राष्ट्रिय तथा क्षेत्रीय साहित्यिक संस्थाहरूसँग मिलेर संयुक्त रूपमा साहित्यिक कार्यक्रम गर्नेछ ।

७. नेपाल च्याप्टरले नेपालबाहिरका च्याप्टरहरूलाई आमन्त्रित गरेर च्याप्टर सम्मेलन, साहित्यिक कार्यशाला, विभिन्न प्रकारका व्याख्यानमालाको आयोजना गर्न सक्नेछ ।

८. दीर्घकालीन र प्रतिष्ठित साहित्यिक कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्न आउने आर्थिक संसाधन तथा अन्य नियमहरूका लागि नेपाल च्याप्टरले आफ्नै कार्यक्रम-निर्देशिका तयार गर्नुपर्नेछ ।

९. विश्वभरि छरिएका नेपाली समुदायमाझ नेपाली भाषा र साहित्यको प्रवर्धनका लागि अनेसासले गरेको गतिविधिको जानकारी दिनका लागि नेपाल च्याप्टरले समाचार तथा अन्य साहित्यिक लेखको निरन्तर प्रकाशन गर्नुपर्नेछ ।

## धारा १५
## कार्यदल तथा उपसमितिहरू

१. बोर्ड अफ् ट्रस्टीज वा केन्द्रीय कार्यसमितिले आ-आफ्ना छुट्टाछुट्टै वा संयुक्त रूपमा कुनै पनि बेला विषेश कार्यको सम्पादनका लागि कार्यदल वा उपसमिति गठन गर्न सक्नेछ । कार्य सम्पन्न भएपछि कार्यदल वा उपसमिति स्वतः भङ्ग हुनेछ ।

२. कार्यसमिति तथा/वा बोर्ड अफ् ट्रस्टीजको अनुमति लिई कार्यदल वा उपसमितिको कार्यकाल थप्न सकिनेछ । उपसमितिहरूले भने केन्द्रीय कार्यसमितिको कार्यकालभित्रै आफ्नो कार्य सम्पन्न गर्नुपर्नेछ । मनोनित कार्यदल तथा उपसमितिका सदस्यहरूको कार्यकाललाई निज सदस्यले केन्द्रीय कार्यसमिति अथवा बोर्ड अफ् ट्रस्टीजको निर्वाचनमा उम्मेदवारी दिन पाउने योग्यताको रूपमा भने लिइनेछैन ।

## धारा १६
## प्रधान सम्पादक

१. प्रधान सम्पादकले अनेसासको आधिकारिक त्रैमासिक पत्रिका **अन्तर्दृष्टि**का लागि गुणस्तरीय लेखरचना सङ्कलन गर्ने, प्रकाशित गर्ने र त्यसको यथोचित वितरण गर्ने काम गर्नुपर्नेछ। निजले अनेसासका पदाधिकारी अथवा अन्य सदस्यले दर्ता गराएका उपयुक्त प्रस्तावमा छलफल गराउने र तिनको अनुमोदन गराउने कार्य पनि गर्नुपर्नेछ ।

२. अनलाइन पत्रिका दर्पणका प्रधान सम्पादकले आवश्यकताअनुसार नियमित रूपमा गुणस्तरीय लेखरचनाको सङ्कलन गर्नुपर्नेछ । **दर्पण** नियमित रूपमा हरेक तीन महिनामा प्रकाशित हुनेछ । प्रधान सम्पादकले यो पत्रिका सबै आजीवन सदस्य तथा ट्रस्टी सदस्यसम्म पुगोस् भन्ने कुरा सुनिश्चित गर्नुपर्नेहुन्छ। दर्पणका प्रधान सम्पादकलाई आवश्यक परेको खण्डमा केन्द्रीय कार्यसमितिको बैठकमा आमन्त्रित गरिनेछ तर निजसँग मताधिकार भने हुनेछैन ।

## धारा १७
## अनेसास पुरस्कार व्यवस्थापन समिति

१. अनेसासको मुख्यालयमा एउटा मात्रै पुस्तक पुरस्कार समिति रहनेछ । यस समितिको नेतृत्व र संयोजन अनेसासको बोर्ड अफ् ट्रस्टीजका उपसभापति (पुरस्कार)ले गर्नेछन्। पुरस्कार व्यवस्थापन समितिको काम, कर्तव्य निम्नानुसार हुनेछ : केन्द्रीय कार्यसमिति तथा बोर्ड अफ् ट्रस्टीजबाट सिफारिस गरिएका २, २ जना तथा १ जना संयोजक गरी पाँच सदस्य रहेको समिति गठन गरिनेछ । अनेसास पुरस्कार समितिमा रहेका सबै सदस्य बोर्ड अफ् ट्रस्टीजका सदस्य हुनुपर्नेछ ।

२. अनेसासको पुस्तक पुरस्कार समितिलाई प्रभावकारी संयोजन, व्यवस्थापन र कार्यसम्पादनका लागि केन्द्रीकृत गरिने छ । च्याप्टरहरूले स्थापना गरेको पुरस्कार व्यवस्थापनका लगि आफैं समिति गठन गर्न सक्नेछन् ।

३. बोर्ड अफ् ट्रस्टीजका सभापति तथा केन्द्रीय कार्यसमितिका अध्यक्ष यस समितिका पदेन सदस्य हुनेछन् र सल्लाहकारको भूमिका निर्वाह गर्नेछन् ।

४. यस समितिका अध्यक्षसँग समितिमा कुनै पुरस्कार विशेषको व्यवस्थापन गर्ने हेतुले ३ देखि ५ सदस्यीय उपसमिति गठन गर्ने अधिकार रहनेछ। सम्भावित विवादको निराकरणका लागि पुरस्कार व्यवस्थापन समितिका कुनै पनि सदस्यले स्वयम्लाई कुनै पनि पुरस्कारका लागि सिफारिस वा चयन गर्न पाउनेछैनन् ।

५. पुरस्कार समितिका अध्यक्षले समितिमा मनोनित सदस्यको नामलाई बोर्ड अफ् ट्रस्टीजबाट अनुमोदन गराउनुपर्नेछ ।

६. आफ्ना परिवारजन (श्रीमान्, श्रीमती, छोरा, छोरीसमेत), बोर्ड अफ् ट्रस्टीजका पदाधिकारी, केन्द्रीय कार्यसमितिका निर्वाचित तथा मनोनित सदस्य एवम् अनेसासका सल्लाहकारले उत्कृष्ट पुस्तक पुरस्कारका लागि आफ्ना पुस्तक दर्ता गराउन पाउनेछैनन् ।

७. पुरस्कार व्यवस्थापन समितिले पुरस्कारको छनोटका आधार आफैं निर्धारित गर्न सक्नेछ र मूल्याङ्कनका लागि ३ सदस्यीय मूल्याङ्कन समिति गठन गर्न सक्नेछ ।

८. पुरस्कार व्यवस्थापन समितिले पुरस्कार वितरण हुने महिनाभन्दा एक वर्षअगाडि नै लेखकहरूबाट पुस्तक सङ्कलनका लागि अन्तिम मितिको समेत उल्लेख गरी सूचना जारी गर्नेछ ।

९. निर्णायक मण्डलका सदस्य तथा पुरस्कार समितिका सदस्य कुनै पनि पुरस्कारका हकदार हुनेछैनन् ।

१०. बोर्ड अफ् ट्रस्टीजले पुरस्कारको मूल्याङ्कन मापदण्ड, निर्णायक मण्डलका सदस्यको नामावली र पुरस्कार व्यवस्थापन समितिले तयार वा संशोधन गरेको पुरस्कार निर्देशिकालाई अनुमोदन गर्नुपर्नेछ ।

११. कुनै पनि पुरस्कारसँग सम्बन्धित आर्थिक कारोबारलाई पारदर्शी राखी प्रकाशित समेत गर्नुपर्नेछ ।

१२. सबै पुरस्कार रकमलाई चेक अथवा क्यासियर-चेकमार्फत् नै भुक्तानी गर्नुपर्नेछ। यसलाई कुनै पनि हालतमा नगद रूपमा वितरण गर्न मिल्नेछैन ।

१३. पुरस्कार व्यवस्थापन समितिले पुरस्कार विजेताको सूची प्रकाशित गर्नुभन्दा ४८ घण्टाअगाडि नै *पुरस्कार विजेताहरूको नाममा कुनै आपत्ति छ वा छैन* भन्ने निर्णयका लागि बोर्ड अफ् ट्रस्टीजसमक्ष विजेताहरूको सूची प्रस्तुत गर्नुपर्नेछ ।

१४. पुरस्कार व्यवस्थापन समितिले थप पुरस्कार स्थापना गर्न सक्नेछ । यसरी स्थापना गरिएका अतिरिक्त पुरस्कारलाई बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिको संयुक्त बैठकले अनुमोदन गर्नुपर्नेछ ।

१५. अतिरिक्त पुरस्कारका मापदण्डको पुनरावलोकन हुनुपर्नेछ तथा प्रतिष्ठा वा वित्तीय जोखिमबाट बच्न सबै आर्थिक गतिविधिमा पारदर्शिता अपनाउनुपर्नेछ ।

## धारा १८
## अनेसास एकेडेमी

१. अनेसास बोर्ड अफ् ट्रस्टीजले केन्द्रीय कार्यसमितिसँग सहकार्य गर्दै विश्वविद्यालय तथा नेपाली साहित्यिक जगतसँग सम्बद्ध उच्च प्राज्ञिक तथा विशिष्ट व्यक्तित्वहरू सामेल भएको अनेसास एकेडेमीको गठन गर्नेछ। एकेडेमीको कार्यकाल ४ वर्षको हुनेछ ।

२. अनेसास बोर्ड अफ् ट्रस्टीजका उपसभापति (समान्य)ले अनेसास एकेडेमीको संयोजन गर्नेछन्। निजले एक जना महिला सदस्यसहित ४ सदस्यीय समिति गठन गर्नेछन् ।

३. अनेसास एकेडेमी समितिले आफ्ना नीति तथा उद्देश्य निर्धारण गर्नका लागि बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिसँग निकट रहेर काम गर्नेछ ।

४. अनेसास एकेडेमी समितिले नेपाली साहित्यको उत्कृष्ट कृतिलाई अङ्ग्रेजी तथा अन्य विदेशी भाषामा अनुवाद गराउनका लागि काम गर्नेछ र तिनलाई उपयुक्त माध्यमद्वारा उक्त भाषाका पाठकमाझ वितरणको व्यवस्था गर्नेछ ।

५. अनेसास एकेडेमी समितिले बोर्ड अफ् ट्रस्टीजको मार्गदर्शन अथवा निगरानीमा नेपाली भाषा र साहित्यका विभिन्न पक्षमा अनुसन्धान गर्नेछ ।

६. अनेसास एकेडेमी समितिले पहल गरी त्रिभुवन विश्वविद्यालय तथा नेपालका अन्य विश्वविद्यालयसँग नेपालबाहिर रहेका नेपाली तथा विदेशी विद्यार्थीहरूलाई स्नातकोत्तर तथा विद्यावारिधि तहमा अनलाइन माध्यमद्वारा नेपाली भाषा तथा साहित्यको अध्ययन गराउनका लागि पाठ्यक्रम बनाउन वार्ता सुरु गर्नेछ ।

७. अनेसास एकेडेमी समितिले पहल गरी अमेरिका तथा अन्य देशमा अवस्थित विश्वविद्यालयसँग वार्ता गरी विदेशी विद्यार्थीलाई नेपाली लिपि तथा भाषामा नेपाली साहित्यको उच्च शिक्षा अध्ययनका लागि पाठ्यक्रम बनाउन एवम् अध्यापन गराउन प्रयास गर्नेछ ।

८. अनेसास एकेडेमी समितिले बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिको निर्देशिकाअनुसार कार्य गरी विश्वभरि छरिएर रहेका नेपाली समुदायका नयाँ पुस्तालाई नेपाली भाषा तथा साहित्य अध्यापनका लागि नेपाली भाषा विद्यालय/पाठशाला स्थापनाको पहल गर्नेछ ।

९. अनेसास एकेडेमी समितिले आवश्यकताअनुसार नेपाली भाषा पाठशालाको पाठ्यक्रम निर्माण गर्ने, अद्यावधिक गर्ने र पुनरावलोकन गर्ने काम गर्नेछ तथा नेपाली भाषामार्फत् नेपाली साहित्य, कला र संस्कृतिको विस्तार तथा संरक्षणका लागि पाठ्यसामग्रीको विकास गर्नेछ ।

१०. अनेसास एकेडेमी समितिले नेपाली भाषा पाठशाला, विभिन्न लेखकद्वारा लिखित नेपाली पुस्तकको प्रकाशन तथा अन्य विविध प्राज्ञिक गतिविधि सञ्चालनका लागि नेपाली भाषा पाठशाला व्यवस्थापन समिति, प्रकाशन समिति तथा अन्य सम्बन्धित समिति गठन गर्नेछ ।

११. अनेसास एकेडेमी समितिका अन्य सुविधा र कामकर्तव्य माथि निर्देशित गरेअनुसार हुनेछन् ।

१२. नयाँ बोर्ड अफ् ट्रस्टीजको गठनपश्चात् नयाँ एकेडेमी समितिको गठन नहुँदासम्म अनेसास एकेडेमी समितिले आफ्ना नियमित जिम्मेवारीहरूको बहन जारी राख्नेछ ।

## धारा १९
## अनेसास भवन व्यवस्थापन समिति

बोर्ड अफ् ट्रस्टीजको पूर्ण गणपूरक सङ्ख्या रहेको बैठकले अनेसास भवन निर्माण समिति गठन गर्नेछ । उक्त अनेसास भवन निर्माण समितिको काम कर्तव्य निम्नानुसार हुनेछ :

१. यो समिति अनेसासको मुख्यालय रहने भवनको खरिद, व्यवस्थापन तथा सञ्चालनका लागि जिम्मेवार हुनेछ । समितिले यसका लागि सम्पत्ति वा भवनको खरिद संयुक्त राज्य अमेरिकामा गर्नेछ ।

२. यो समितिले बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिसँग निकट समन्वय स्थापित गरी कार्य गर्नेछ ।

३. बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिले यस समितिलाई आवश्यक दिशानिर्देश दिनेछन् ।

४. यस समितिका संयोजकले आवश्यक परेको खण्डमा बोर्ड अफ् ट्रस्टीजको बैठक अथवा बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिको संयुक्त बैठकमा मतदानको अधिकार नभएको सदस्यको रूपमा भाग लिनुपर्नेछ ।

५. यस समितिले ट्रस्टी तथा लाभग्राहीलाई प्लेटिनम सदस्य अथवा संरक्षकको रूपमा सूचीकृत गरी एक गुरुयोजना तयार गर्नुपर्नेहुन्छ जसको प्रयोजन अनेसास भवनको खरिद, व्यवस्थापन तथा सञ्चालन हुनेछ र त्यस योजनालाई बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिको संयुक्त बैठकमा प्रस्तुत गर्नुपर्नेछ । यो संयुक्त बैठकले उक्त योजनालाई कार्यान्वयनका लागि अनुमोदन गर्नुपर्नेछ ।

६. यस समितिले अनेसासको लक्ष्य, उद्देश्य, ध्येय र अनेसासको विधान तथा माथि उल्लिखित दायित्वको विपरीत काम गरेको पाइएमा बोर्ड अफ् ट्रस्टीजले यस समितिलाई भङ्ग गर्न सक्नेछ ।

७. हरेक चार वर्षमा नवगठित बोर्ड अफ् ट्रस्टीजले यस्तो समितिको पुनर्गठन गर्नेछ ।

८. यस समितिले यस अगाडिको समितिले बनाएका कतिपय योजनालाई पुनर्विचार गर्न तथा प्रभावकारी ढङ्ले परिवर्तन पनि गर्न सक्नेछ । यो आवश्यक नभएमा मौजुदा योजनाकै अनुशीलन गरी अनेसास भवन व्यवस्थापनको गुरुयोजनालाई अगाडि बढाउनेछ ।

## धारा २०
## संशोधित विधानको कार्यान्वयन

### ग्रहण

विधानमा गरिएको संशोधनलाई बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिको संयुक्त बैठकमा उपस्थित दुई-तिहाई सदस्यले अनुमोदन गरेपछि लागु हुनेछ । अनेसासका सबै सदस्यलाई संशोधित विधानको विद्युतीय कपी उपलब्ध गराइनेछ ।

### संशोधन

१. यसरी बनाइएको, परिवर्तन गरिएको, संशोधन गरिएको अथवा पुनर्स्थापित वा थमौती गरिएको विधानलाई बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिको वार्षिक वा विशेष संयुक्त बैठकमा पेश गरिनेछ ।

२. यसरी निर्माण गरिएको, फेरिएको, संशोधन गरिएको अथवा पुनर्स्थापित गरिएको संस्थाको विधानलाई बोर्ड अफ् ट्रस्टीज तथा केन्द्रीय कार्यसमितिको कूल सदस्य सङ्ख्याको दुई-तिहाइले लागु गर्न सक्नेछ, यो शर्तमा कि यसरी गरिएको परिवर्तन अथवा संशोधनमा पहिलो विधानका मान्यताहरूलाई समाविष्ट गरिएको होस् ।

## धारा २१
## अभिलेख

बोर्ड अफ् ट्रस्टीज अथवा केन्द्रीय कार्यसमितिले संस्थाको रेकर्ड, बहीखाता, खर्च विवरण र बैठकका कारबाहीको विवरणलाई तोकिएको उचित स्थानमा सुरक्षित राख्नुपर्नेछ ।

## धारा २२
## गम्भीर परिस्थिति

**निर्णय अधिकार**

यस विधानको कुनै पनि धारा वा दफा यसभन्दा माथिको कुनै पनि कानुन अथवा व्यवस्थासँग बाभिएमा त्यो धारा वा दफाबाहेक यस विधानको अन्य अंश प्रभावित हुनेछैन ।

## धारा २३
## गैरनाफामूलक हैसियत

१. यो संस्था आन्तरिक राजस्व सेवाको ५०१ (सी) (३)को व्यवस्थाअन्तर्गत कल्याणकारी संस्थाको रूपमा दर्ता भएको छ ।
२. संस्थाको कुनै पनि कामले कुनै पनि राजनैतिक अभियान (कुनै पनि उम्मेदवारको सार्वजनिक पदका लागि दिइएको उम्मेदवारीको समर्थनमा वक्तव्य जारी गर्ने अथवा प्रकाशित गर्नेलगायत)को काम गर्नेछैन ।
३. यस विधानका अन्य दफामा जुनसुकै कुरा उल्लेख भए पनि यस संस्थाले त्यस्ता कुनै पनि गतिविधिलाई सञ्चालन गर्नेछैन जसलाई निम्न व्यवस्थाले वर्जित गरेको छ :
   (क) आन्तरिक राजस्व सेवाअन्तर्गत संघीय आयकर कानुन, दफा ५०१ (सी) (३) अथवा सङ्घीय कर संहिताले आयकर छुट दिएको कुनै पनि संस्थालाई वर्जित गरेको काम ।
   (ख) आन्तरिक राजस्व संहिताको दफा १७० (सी) (२) अथवा सङ्घीय आयकर संहिताको कुनै व्यवस्थाबाट आफूले अनुदानमा पाएको रकममा कर मिनाहीको हैसियत पाएको संस्थालाई वर्जित गरिएको कुनै पनि काम ।

## धारा २४
## अनुपालन

विधानले निर्दिष्ट नगरेको कुनै पनि विषयमा अमेरिकाको वाशिङ्गटन, कोलम्बिया जिल्लामा गैरनाफामूलक संस्थाका सम्बन्धमा कायम रहेको कानुन यस विधानसँग नबाभिएको हदसम्म मान्य हुनेछ ।

## धारा २५
## आर्थिक पारदर्शिता

१. बोर्ड अफ् ट्रस्टीजसँग आन्तरिक लेखापरीक्षण समिति गठन गर्ने अधिकार रहनेछ । यस समितिको कम्तीमा एक जना सदस्य मान्यता प्राप्त लेखापरीक्षक हुनुपर्नेछ ।
२. यस समितिसँग राष्ट्रिय अथवा प्रान्तीय बोर्डका सबै आर्थिक गतिविधिलाई पुनरावलोकन गर्ने अधिकार रहनेछ । समितिले अनुरोध गरेको खण्डमा १५ दिनभित्र बोर्डले सबै रेकर्ड उपलब्ध गराउनुपर्नेछ ।
३. कोषाध्यक्ष तथा आर्थिक समितिले आफ्ना सबै बहीखाता र रेकर्डहरूलाई संयुक्त राज्य अमेरिकाको लेखापरीक्षणको सामान्य स्वीकृत सिद्धान्तअनुरूप व्यवस्थापन गर्नुपर्नेछ ।
४. संस्थाका सबै बैङ्क खाता, नगद अथवा अन्य बहुमूल्य वस्तुहरू कोषाध्यक्षको मातहतमा हुनुपर्नेछ ।

## धारा २६
## अनुशासन समिति

१. केन्द्रीय कार्यसमितिसँगको परामर्शमा बोर्ड अफ् ट्रस्टीजले अनुशासन समिति गठन गर्न सक्नेछ । बोर्ड अफ् ट्रस्टीज सदस्य, केन्द्रीय कार्यसमितिका कुनै पदाधिकारी, संस्थाको कुनै पनि सदस्य अथवा च्याप्टरले संस्थाको विधान उल्लङ्घन गरेको, विधानले निर्धारित गरेको लक्ष्य, ध्येय तथा उद्देश्यविपरीत काम गरेको अथवा संस्थाको हितविपरीत काम गरेको पाइएमा निजलाई यस अनुशासन समितिसमक्ष सुनुवाइका लागि बोलाइनेछ ।
२. यस समितिमा कानुनी क्षेत्रका एक जनासहित तीन जना सदस्य रहनेछन् । यसमा बोर्ड अफ् ट्रस्टीज वा केन्द्रीय कार्यसमितिका कुनै पनि पदाधिकारी सदस्य हुनेछैनन् तर यस समितिका सदस्य भने अनेसासको सदस्यता लिइसकेको व्यक्ति हुनुपर्नेछ ।
३. केन्द्रीय कार्यसमिति तथा बोर्ड अफ् ट्रस्टीजले नियम वा हित उल्लङ्घनको मुद्दा अनुशासन समितिसमक्ष पेश गर्न सक्नेछ ।

४. यस्ता अभियोगका सम्बन्धमा अनुशासन समितिले सुनुवाइ गर्न सक्नेछ । समितिसँग प्रमाण जुटाउने तथा सुनुवाइमा पेस गरिएका प्रमाणका आधारमा निर्णय गर्ने अधिकार रहनेछ ।

५. यस समितिले उचित ठानेको कुनै पनि कारबाही बोर्ड अफ् ट्रस्टीजसमक्ष सिफारिस गर्न सक्नेछ । सिफारिसअनुसार कुनै सदस्यले अनेसासको विधान अथवा लक्ष्य, उद्देश्यविपरीत काम गरेको पाइएमा त्यस्ता सदस्यलाई कारबाहीको चेतावनी दिने, बोर्ड अफ् ट्रस्टीज अथवा केन्द्रीय कार्यसमितिबाट निष्कासन गर्ने, केही समयका लागि निलम्बन गर्ने अथवा सदस्यता खारेज गर्न सक्ने सम्मको अधिकार रहनेछ । यदि कुनै च्याप्टरले संस्थाको विधान, लक्ष्य वा उद्देश्यविपरीत काम गरेको पाइएमा अनुशासन समितिले बोर्ड अफ् ट्रस्टीजसमक्ष उपयुक्त कारबाहीका लागि सिफारिस गर्न सक्नेछ । कारबाहीमा लिखित चेतावनी दिने, च्याप्टरलाई निश्चित समयावधिका लागि निलम्बनमा राख्ने अथवा भविष्यमा अनेसाससँग सम्बन्ध हुन नसक्ने आदि निर्णय हुनसक्छन् । यस्ता च्याप्टरसँग अनुशासन समितिसमक्ष आफ्नो स्पष्टीकरण पेश गर्ने अधिकार रहन्छ ।

६. अनुशासन समितिको सिफारिसमा केन्द्रीय कार्यसमितिले आजीवन सदस्य तथा च्याप्टरमाथि कारबाही गर्न सक्नेछ । बोर्ड अफ् ट्रस्टीजले भने केन्द्रीय कार्यसमिति सदस्य वा ट्रस्टी सदस्यमाथि कारबाही गर्न सक्नेछ ।

७. सम्बद्ध व्यक्ति वा च्याप्टरले आफूमाथि गरिएको कारबाहीका विरुद्ध यथेष्ट प्रमाण दिएर कारबाहीमाथि पुनर्विचार गरियोस् भनी बोर्ड अफ् ट्रस्टीजसमक्ष अपिल गर्न सक्नेछन् ।

८. बोर्ड अफ् ट्रस्टीजको गठन भएको एक महिनाभित्र अनुशासन समितिको गठन हुनेछ र उक्त समितिको कार्यकाल ४ वर्षको हुनेछ ।

**नोट**

क. बाझिएको हित भन्नाले अनेसासको हितमाथि अन्य संस्थाको हित हावी हुनुलाई बुझिनेछ । अनेसासका निर्वाचित अथवा मनोनित बोर्ड अफ् ट्रस्टीज, केन्द्रीय कार्यसमिति, अनेसास मुख्यालय तथा अनेसास च्याप्टरका प्रत्येक पदाधिकारीले आफू अन्य कुनै वा समान लक्ष्य वा उद्देश्य भएका अन्य साहित्यिक संस्थासँग पनि सम्बद्ध रहेको भए सोको जानकारी गराउनुपर्नेछ । उनीहरूले अनेसास तथा त्यस्ता अन्य संस्थाका बीच कुनै पनि प्रकारले हित बाझिने कुराबाट टाढा रहनुपर्नेछ ।

ख. अनेसासका कुनै पनि सदस्यले अन्य संस्थाको हित हुने र अनेसासका लागि प्रत्युत्पादक हुने कुनै पनि कार्यमा संलग्न हुनुहुँदैन । कसैले यस्तो संलग्नता चाहेको खण्डमा निजले अनेसासमा हाल समाल्दै आएको कुनै पनि पदबाट राजीनामा दिनुपर्नेछ । सबै तहका अनेसास पदाधिकारी, बोर्ड अफ् ट्रस्टीजका सदस्य, केन्द्रीय कार्यसमिति सदस्य अथवा च्याप्टर कार्यसमिति सदस्यलाई अन्य साहित्यिक संस्थामा निर्वाचित वा मनोनित पदाधिकारीको जिम्मेवारी लिने अधिकार हुनेछैन ।

## धारा २७
## पदाधिकारीको दायित्व

कुनै पनि निर्देशक वा पदाधिकारीलाई, यस विधानले उल्लेख नगरेको हकमा, निर्देशक वा पदाधिकारीले निर्वाह गर्नुपर्ने काम सम्पादन गर्ने क्रममा हुन आएको दायित्ववहनको उल्लङ्घनको अवस्थामा कुनै पनि आर्थिक जरिवाना लगाइने छैन । तर कानूनले नै निम्नावस्थामा यस्तो जरिवाना तोकेको सन्दर्भमा यो मिनाही लागु हुनेछैनः

१. संस्थाका निर्देशक अथवा पदाधिकारीका लागि तोकिएको जिम्मेवारीको उल्लङ्घन गरेमा ।
२. संस्थाको हितविपरीत गरिएका कार्य वा वेवास्ता, नियोजित अपराध तथा जानाजान गरिएको विधानविपरीत कामको हकमा ।
३. कुनै पनि लेनदेन जसबाट निर्देशक अथवा पदाधिकारीले अवैधानिक रूपमा आर्थिक लाभ लिएको अवस्थामा ।
४. अनेसासको यस विधानको जानाजान उल्लङ्घन गरेमा ।
५. अनेसासको ध्येय, लक्ष्य र उद्देश्यको विपक्षमा जानाजान कुनै कार्य गरेमा ।
६. जानाजान अनेसाससँग सम्बन्धित कुनै पनि आर्थिक विवरण कायम नगरेमा ।

## धारा २८
## परिसमापन

संस्थाको विघटन अथवा यसको विधानको कुनै पनि व्यवस्थाको संशोधन अनेसासको महाधिवेशनमा उपस्थित कुल सदस्य सङ्ख्याको दुई तिहाइले गर्न सक्नेछ तर यसका लागि प्रस्तावित विघटन अथवा संशोधनको सूचना अग्रिम रूपमा दिइएको हुनुपर्नेछ र त्यसलाई बैठकको सूचनासहित वितरण गरिएको हुनुपर्नेछ । संस्था विघटित भएको खण्डमा संस्थामा मौज्दात रहेको कोषलाई संस्थाको उद्देश्यलाई टेवा पुऱ्याउने कुनै काममा खर्च गर्नुपर्नेछ । यसपछि कुनै पनि सदस्यले यस संस्थामा बुझाएको कुनै पनि शुल्कमाथि दावी गर्न पाउनेछैन ।

## धारा २९
## विघटन

यस संस्थाको सम्पूर्ण सम्पत्ति यस विधानको धारा ३ मा उल्लिखित उद्देश्य पूर्तिका लागि हो । यस संस्थाको पूर्ण वा आंशिक आम्दानी वा सम्पत्तिलाई कुनै पनि निर्देशक, पदाधिकारी वा सदस्यको फाइदा अथवा कुनै व्यक्तिको निजी फाइदाका लागि प्रयोग गर्न पाइनेछैन जबसम्म संस्थाले कुनै पनि सेवा लिएवापत अथवा संस्थाको उद्देश्य अगाडि बढाउनुपर्ने कारणले कसैलाई भुक्तानी गर्नु आवश्यक नठानोस् । यो संस्थाको विघटन भएको खण्डमा संस्थाले भुक्तानी गर्नुपर्ने ऋण अथवा वक्यौताको भुक्तानी गरी बचेको रकम अथवा सम्पत्तिलाई आन्तरिक राजस्व सेवाको दफा ५०१ (सी) (३) अनुसार कर मिनाहीको हैसियत प्राप्त गरेको, कल्याणकारी उद्देश्यबाट गठित अर्को गैरनाफामूलक कोष, प्रतिष्ठान अथवा संस्थालाई दान दिन सक्नेछ ।

**द्रष्टव्य १**
**अनेसासको छाप तथा लोगो**

**द्रष्टव्य २**
**शपथग्रहणको बेहोरा**

च्याप्टर समिति/केन्द्रीय कार्यसमिति तथा बोर्ड अफ् ट्रस्टीजका पदाधिकारीहरूका लागि :

म ........ ......... ....... ....... ............ (पूरा नाम तथा आफू निर्वाचित भएको च्याप्टर समिति/केन्द्रीय कार्यसमिति तथा बोर्ड अफ् ट्रस्टीजको पद), यो प्रतिज्ञा गर्दछु कि म अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको लक्ष्य, ध्येय तथा उद्देश्यको प्राप्तिका लागि हर सम्भव तरिकाले काम गर्नेछु । म अनेसासको विधान तथा आचारसंहिताप्रति पूर्ण आस्था एवम् वफादारी कायम गर्नेछु । मैले मेरो पदसँग सम्बद्ध विषयमा पूर्ण गोपनीयता तथा गुणस्तर कायम गर्नेछु ।

पदाधिकारीको सही
मितिः

प्रमुख निर्वाचन आयुक्तको सही
मितिः

**द्रष्टव्य ३**
**सदस्यता आवेदन फाराम**

म/हामी ............................................ अनेसासको विधानबमोजिम एक साधारण/आजीवन/ट्रस्टी/संस्थागत/पेटर्न सदस्यको रूपमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)मा आबद्ध हुन चाहन्छु/चाहन्छौँ तथा संस्थाको ध्येय, लक्ष्य र उद्देश्यमा उल्लिखित नेपाली भाषा, साहित्य र संस्कृतिको प्रवर्धन गर्नका लागि संस्थाका गतिविधिलाई समर्थन गर्न तथा तिनमा सहभागी हुन चाहन्छु/चाहन्छौँ ।

<table>
<tr><td colspan="3">अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज<br>वाशिङ्गटन डिसी, अमेरिका</td><td>फोटो</td></tr>
<tr><td colspan="3">पूरा नामः</td><td>उमेर/लिङ्ग</td></tr>
<tr><td>पूर्ण ठेगाना</td><td colspan="3"></td></tr>
<tr><td>टेलिफोनः</td><td></td><td colspan="2">इमेलः</td></tr>
<tr><td>सम्बद्ध संस्था</td><td colspan="3"></td></tr>
<tr><td>प्रकाशित पुस्तक<br>(अधिकतम पाँच मात्र)</td><td colspan="3">१.<br>२.<br>३.<br>४.<br>५.</td></tr>
<tr><td>सम्बद्ध च्याप्टर</td><td colspan="3"></td></tr>
<tr><td>सिफारिस गर्ने व्यक्ति</td><td colspan="3"></td></tr>
<tr><td>कार्यालयीय प्रयोजनका लागि</td><td colspan="3">सदस्यता सङ्ख्याः<br>सदस्यता लिइएको मितिः<br>सदस्यता शुल्क बुझाइएको माध्यमः<br>चेक/बैङ्क खाता/नगद/पे-पाल (एउटामा टिक लगाउनुहोस्)</td></tr>
<tr><td>रेकर्ड व्यवस्थापकको नाम</td><td colspan="3"></td></tr>
<tr><td>पद</td><td colspan="3"></td></tr>
</table>

# विधान संशोधन विवरण

यस विधानलाई १४ अगष्ट २०२१ का दिन बसेको अनेसास बोर्ड अफ् ट्रस्टीज र केन्द्रीय कार्यसमितिको संयुक्त बैठकले निम्नानुसार संशोधन गरेको हो:

| यस विधानको धारा सङ्ख्या | पुरानो (छैटौं संशोधन) | नयाँ (सातौं संशोधन) | थपिएको/हटाइएको/प्रतिस्थापन गरिएको |
|---|---|---|---|
| प्रस्तावना | संस्थाको उद्देश्य... | संस्थाको ध्येय र उद्देश्य... | ध्येय (थपिएको) |
| | संस्था विधिवत् दर्ता भई... | २० | हटाइएको |
| परिभाषा | कुनै धारा छैन | धारा २ | धारा २ मा स्थानान्तरण गरिएको |
| धारा १ | – | नाम | नयाँ धारा थपिएको |
| | संस्थाको छाप तथा चिन्ह | १.१ | थपिएको |
| | ३ | ३. 'पदाधिकारी' भन्नाले संस्थाको केन्द्रीय कार्यसमिति तथा बोर्ड अफ् ट्रस्टीजका सबै निर्वाचित तथा मनोनित पदाधिकारी | थपिएको..."संस्थाको केन्द्रीय कार्यसमिति तथा बोर्ड अफ् ट्रस्टीजका सबै निर्वाचित तथा मनोनित पदाधिकारी" |
| | ४ | ४. 'सदस्य' भन्नाले यस संस्थामा कुनै पनि प्रकारको सदस्यता लिएको व्यक्ति बुझिनेछ । | हटाइएको– "तथा संस्थाको विधानअनुरूप निर्वाचित तथा मनोनित सदस्यहरू" |
| | ८. च्याप्टर तथा उप-च्याप्टरहरू | च्याप्टर | 'उप-च्याप्टर' हटाइएको |
| | १४. | | 'असामान्य' हटाइएको |
| धारा ३ | धारा २ | धारा ३ | धारा ३ मा स्थानान्तरण गरिएको |
| धारा ४ | – | धारा ४ | नयाँ धारा थपिएको |
| धारा ५ | धारा ३ | धारा ५ | धारा ५ मा स्थानान्तरण गरिएको |
| | ९, १२ | | दोहोरिएको उपधारा हटाइएको |
| धारा ६ | धारा ४ | धारा ६ | |
| | ...सदस्य बनाउन सक्नेछ | विभिन्न प्रकारका सदस्य बनाउने सक्नेछ | पहिलो वाक्य संशोधन गरिएको |
| | जुनसुकै देशको नागरिक, नश्ल, धर्म वा आस्थाको भए पनि | जुनसुकै देशको नागरिक, लिङ्ग, नश्ल, धर्म वा आस्थाको भए पनि | दोस्रो वाक्य संशोधन गरिएको |
| | सदस्य पाँच प्रकारका हुनेछन् | सदस्य ६ प्रकारका हुनेछन् | अन्तिम वाक्य संशोधन गरिएको |
| ६.१ | ५. प्रत्येक वर्ष सदस्यता नवीकरण गर्ने दायित्व सदस्य आफैंको हुनेछ | – | हटाइएको |
| | ७. स्टेट च्याप्टर | स्थानीय च्याप्टर | संशोधन गरिएको |
| ६.१. कर्तव्य... | संस्थाको ध्येय र उद्देश्य | संस्थाको ध्येय, लक्ष्य र उद्देश्य | वाक्य संशोधन गरिएको |
| ६.२ | २. च्याप्टरसँग | च्याप्टर अथवा केन्द्रीय कार्यसमितिसँग | 'अथवा केन्द्रीय कार्यसमिति' थपिएको |
| | ३. १०० अमेरिकी डलर | १५० अमेरिकी डलर | वाक्य संशोधन गरिएको । सदस्यता शुल्कलाई सातौं संशोधनद्वारा अद्यावधिक गरिएको |
| | ७. ५० प्रतिशत अथवा ५० अमेरिकी डलर | ५० प्रतिशत अर्थात् ७५ अमेरिकी डलर | ६ (२) ३ बमोजिम सदस्यता शुल्क संशोधन गरिएको |
| | – | ९ र १० | ९ र १० थपिएको |
| ६.२. कर्तव्यहरू... | – | ६ | ६ थपिएको |
| ६.३ | ५०० अमेरिकी डलर तिरेर | १००० अमेरिकी डलर तिरेर | सदस्यता शुल्कलाई ७ औं संशोधनद्वारा परिमार्जित गरिएको |
| ६.३ दायित्व... | २. केन्द्रीय समिति | केन्द्रीय कार्यसमिति | संशोधन गरिएको |
| | २. संस्थाको उद्देश्य | संस्थाको ध्येय, लक्ष्य र उद्देश्य | संशोधन गरिएको |
| | – | ४ | सातौं संशोधनबाट थपिएको |
| ६.४ मानार्थ सदस्य | स्थानीय च्याप्टरको कार्यसमिति | – | सातौं संशोधनबाट पहिलो वाक्य परिमार्जित |
| ६.५ ट्रस्टीज | १. अनेसासको लक्ष्यमा | अनेसासको ध्येय, लक्ष्य र उद्देश्यमा | सातौं संशोधनबाट परिमार्जित |
| | २ | २ | सातौं संशोधनबाट वाक्यलाई परिमार्जित गरिएको, केही अंश थपिएको तथा व्याख्या गरिएको |
| | ३ (युआरएल) सीधै च्याप्टरहरूसँग | | 'याप्टरहरूसँग' भन्ने पदावली हटाइएको |
| | ४ | ४ | 'को' भन्ने शब्दांशलाई सातौं संशोधनबाट हटाइएको |
| | ५. | ५. | वाक्यलाई सातौं संशोधनबाट परिमार्जित गरिएको |

| | | | |
|---|---|---|---|
| | ७. विधानअनुसार केन्द्रीय कार्यसमितिका प्रत्येक सदस्य | ७. विधानअनुसार केन्द्रीय कार्यसमिति/बोर्ड अफ् ट्रस्टीजका सदस्य | वाक्यलाई सातौं संशोधनबाट परिमार्जित गरिएको |
| | – | ८. | ८ लाई सातौं संशोधनमा थपिएको |
| ६.६ दायित्व | १. | १. | वाक्यलाई सातौं संशोधनबाट परिमार्जित गरिएको |
| | २. | – | २ लाई सातौं संशोधनमा हटाइएको |
| | ३. बोर्ड अफ् ट्रस्टीजको | २. केन्द्रीय कार्यसमिति/बोर्ड अफ् ट्रस्टीजको | वाक्यलाई सातौं संशोधनबाट परिमार्जित गरिएको |
| | ४. संस्थाको उद्देश्यअनुसार | संस्थाको ध्येय, लक्ष्य र उद्देश्यअनुसार | वाक्यलाई सातौं संशोधनबाट परिमार्जित गरिएको |
| | – | ४ र ५ | सातौं संशोधनबाट थपिएको |
| ६.६ | – | ६.६ | सातौं संशोधनबाट थपिएको |
| ६.७ | – | ६.७ | सातौं संशोधनबाट थपिएको |
| ७ | ५ | ७ | धारा संशोधन गरिएको |
| ७ | ५.१ | ७.१ | उपधारा संशोधन गरिएको<br>१. 'कार्य सम्पादन' लाई हटाइएको<br>४. 'उद्देश्य' लाई हटाइएको, 'लक्ष्य' थपिएको, तथा 'वर्षमा एकचोटि च्याप्टरको अवस्था अद्यावधिक गर्ने' भन्ने अंश थपिएको ।<br>६. 'कार्यक्रमको प्रवर्धन गर्ने र कार्यसम्पादन गर्ने' भन्ने अंशलाई हटाइएको<br>१४. 'केन्द्रीय कार्यसमिति सम्पर्क सूची' लाई संशोधन गरी 'अनेसास सदस्यहरूको सम्पर्क सूची' बनाइएको ।<br>१७. थपिएको |
| ७. | ७.३. १३. सदस्य | ७.३. १७ सदस्य | छैटौं संशोधनबाट थपिएको ।<br>नोटको पहिलो बुँदालाई सातौं संशोधनमा परिमार्जित गरिएको<br>तेस्रो बुँदामा 'उपसमिति' थपिएको |
| ७. | ५.४.१. | - | लिङ्गभेदी शब्द हटाएर समावेशी गराइएको |
| ७ | ५.४, १, ७ र ८ | ७.४, १.७ र ८ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| | ५.४ १. १२ अधिकार सुरक्षित | ७.४, १., १२, 'नियुक्त गर्न पाउने' | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ७ | ५.४, २ (२) | ७.४, २ (२) | 'नियुक्त' हटाएर परिमार्जित गरिएको |
| | | २.४, ५, ६ | सातौं संशोधनबाट थपिएको |
| ७ | ५.४, क्षेत्रीय उपाध्यक्ष | ७.४, ३, उपाध्यक्ष | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| | ५.४ ३(१), 'सदस्य नियुक्त' | ७.४, ३ (१), 'नयाँ सदस्य' थपिएको | 'नियुक्त' हटाएर परिमार्जित गरिएको |
| | ५.४, ३ (२) | ७.४, ३(२), उपाध्यक्षले क्षेत्रीय समन्वय समिति गठन गर्ने | सातौं संशोधनबाट थपिएको |
| ७ | | ७.४, ३ (५) | सातौं संशोधनबाट थपिएको |
| ७ | ५.४, ४(२) परिषद् | ७.४, ४(२) संस्था | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ७ | ५.४, ४ (३) | ७.४, ४५(२), निजले तयारी गरेर प्रस्तुत गर्नुपर्ने | सातौं संशोधनबाट थपिएको |
| ७ | ५.४, ५. सचिव | ७.४, ५(४), (५) | सातौं संशोधनबाट थपिएको |
| ७ | ५.४, ६ | ७.४, ६(५) | सातौं संशोधनबाट थपिएको |
| ७ | ५.४, ७ | ७.४, ७ (३) र (४) | सातौं संशोधनबाट थपिएको |
| ७ | ५.४, ८ | | सातौं संशोधनदेखि यस धाराबाट हटाइएको |
| ७ | ५.५ | | सातौं संशोधनबाट हटाइएको |
| ७ | ५.६ | | सातौं संशोधनबाट हटाइएको |
| ७ | ५.७ | ७.५ | सातौं संशोधनबाट 'बैठकको कार्यविवरण' हटाइएको |
| ७ | ५.९ | ७.७, १ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ७ | ५.९, ३ | ७.७, १ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ७ | ५.९, ४ | ७.७, ४ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ७ | ५.९, ५ | ७.७, ५ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ७ | ५.१०, सात जना कार्यकारी सदस्य | ७.८, ९ जना कार्यकारी सदस्य | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.१(१) | ८.१ (१) ६० दिन | सातौं संशोधनबाट थपिएको र प्रतिस्थापन गरिएको ।<br>'आयोग' लाई 'समिति' द्वारा पुनर्स्थापन गरिएको |
| ८ | ६.१(२) | ८.१ (२) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.१ (३), चार हप्ता | ८.१ (१), ३० दिन | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.१(४) | ८.१ (४) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.१(७) 'सदस्यहरू', 'दुई साता' | ८.१ (७), 'मतदाता', 'चार साता' | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.१ | ८.१ (८) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.१ (१०) निर्देशकहरू | ८.१ (११) 'पदाधिकारीहरू' | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.१ (१२) | ८.१ (१३) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.१ (१४) | ८.१ (१५), 'उपस्थितिमा' | सातौं संशोधनबाट परिमार्जित गरिएको |

| | | | |
|---|---|---|---|
| ८ | ६.१ (१५) | ८.१ (१६) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | – | ८.१ (१७) | सातौं संशोधनमा थपिएको |
| ८ | ६.२ (२) | ८.२ (२) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.२ | ८.२ (३) | सातौं संशोधनमा थपिएको |
| ८ | ६.३, १.१ (१) | ८.३.१.१ (२) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.३, १.२ (२) | ८.३.१.२ (२) | सातौं संशोधनमा थपिएको |
| ८ | – | ८.३.१.२ (२) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.३, १.४ (२) | ८.३.१.४ (२) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.३, १.५ (१) | ८.३.१.५ (१) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.३, १.५ (२) | ८.३.१.५ (२) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.३, १.६ २१) | ८.३.१.६ (२) | सातौं संशोधनमा थपिएको |
| ८ | - | ८.३.१.६ (४) | सातौं संशोधनमा थपिएको |
| ८ | ६.३, १.७ (१) | ८.३.१.७ (१) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | - | ८.३.१.७ नोट (क) | सातौं संशोधनमा थपिएको |
| ८ | ६.४ (१) | ८.४ (१) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | ६.४ (२) | ८.४ (२) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ८ | - | ८.४ (३) | सातौं संशोधनमा थपिएको |
| ९ | – | ९.१ | शीर्षक सातौं संशोधनमा थपिएको |
| ९ | ७.१ (१) | ९.१ (१) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.१ (२) | ९.१ (२)) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.१ (३) | - | सातौं संशोधनबाट हटाइएको |
| ९ | - | ९.१ (३) | सातौं संशोधनमा थपिएको |
| ९ | - | ९.१ (४) | सातौं संशोधनमा थपिएको |
| ९ | ७.१ (४) | ९.१ (५) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.६ | ९.१ (६) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.१ (११) | ९.१ (१२) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.१ (१२) | ९.१ (१३) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.१ (१५) | ९.१ (१६) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | | ९.१ (१९) | सातौं संशोधनमा थपिएको |
| ९ | ७.३ '७ जना निर्वाचित सदस्य' | ९.३, ९ जना निर्वाचित सदस्य | सातौं संशोधनबाट परिमार्जित गरिएको<br>▪ महासचिव थपिएको<br>▪ दुई सदस्य (एक अनिवार्यः महिला हुनुपर्ने) व्यवस्था सातौं संशोधनमा थपिएको |
| ९ | ७.४.१ (५) | ९.४.१ (५) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.४.१ (६) | ९.४.१ (६) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.४.२ | ९.४.२ | सातौं संशोधनबाट परिमार्जित गरिएको, जसमार्फत, दुई उपसभापतिको व्यवस्था गरिएको छ, एक जना अनेसास एकेडेमीको संयोजक हुनेगरी सामान्य उपसभापति, तथा अर्को पुरस्कार समितिको संयोजन हुनेगरी उपसभापति |
| ९ | ७.४.३ | ९.४.३ | सातौं संशोधनबाट परिमार्जित गरी दुई उपसभापतिको व्यवस्था गरिएको, जसमा एक जना अनेसास एकेडेमीको संयोजक हुनेगरी सामान्य उपसभापति तथा अर्को पुरस्कार समितिको संयोजन हुने गरी उपसभापति |
| ९ | ७.४.३ | ९.४.४ | सातौं संशोधनमा थपिएको |
| ९ | ७.४.३ | ९.४.५ | सातौं संशोधनमा थपिएको |
| ९ | ७.४.४ (२) | ९.४.६ (२) | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.४.४ (३) त्रैमासिक बैठक | ९.४.६ (३) वार्षिक बैठक | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.४.४ (४) अर्थ समिति | ९.४.६ (४) लेखापरीक्षण समिति | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | | ९.४.६ (४) लेखापरीक्षण समिति | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.४.६ | ९.४.६ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.४.८ | ९.४.६ नोट | सातौं संशोधनमा थपिएको |
| ९ | ७.५.१ | ९.४.८ | ट्रस्टीजको परिच्छेदमा स्थानान्तरण गरिएको |
| ९ | ७.५.२ | ९.५.१ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | | ९.५.२ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.५.३ | ९.५.३ | सातौं संशोधनमा थपिएको |
| ९ | ७.५.४ | ९.५.५ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.६ | ९.६ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.७ | | सातौं संशोधनबाट हटाइएको |
| ९ | ७.८.२ | ९.२ | सातौं संशोधनबाट ९.२ मा स्थानान्तरण गरिएको |
| ९ | ७.८.३ | ९.७.२ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.८.४ | ९.७.३ | सातौं संशोधनबाट परिमार्जित गरिएको |

| | | | |
|---|---|---|---|
| ९ | ७.८ | ९.७.१० | सातौं संशोधनमा थपिएको |
| ९ | ७.८ | ९.७.११ | सातौं संशोधनमा थपिएको |
| ९ | ७.८ | ९.७.१३ | सातौं संशोधनमा थपिएको |
| ९ | ७.९ | ९.८ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.१०.१.१ | ९.९.१.१.२ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.१०.१.२ | ९.९.१.२ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.१०.१.३ | ९.९.१.३ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.१०.१.४.२ | ९.९.१.४.२ | सातौं संशोधनमा थपिएको |
| ९ | ७.१०.१.५ | ९.९.१.५ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.१०.१.६ | ९.१०.१.६ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ९ | ७.११ | ९.११ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १० | | १० | सातौं संशोधनमा थपिएको |
| ११ | ९.५ | १२.५ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| ११ | - | ११.७ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १२ | १०.१ | १२.१ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १२ | १०.३ | १२.३ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १२ | १०.४ | १२.४ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १२ | १०.९ | १२.९ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १२ | १०.११ | १२.११ | सातौं संशोधनमा थपिएको |
| १२ | १०.१२ | १२.१२ | |
| १२ | १० | १२.१४, १५, १६, १७ | |
| १३ | १०.१.४ | १३.४ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १३ | | १३.६ | सातौं संशोधनमा थपिएको |
| १४ | | १४ | सातौं संशोधनमा थपिएको |
| १५ | ११ | १५ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १६ | ११.२ | १६ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १७ | १२ | १७ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १७ | १२.१ | १७.१ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १७ | १२.२ | १७.२ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १७ | १२.४ | १७.४ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १७ | | १७.६ | सातौं संशोधनमा थपिएको |
| १७ | १२.७ | १७.७ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १७ | १२.८ | १८.८ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १७ | १२.१० | १७.१० | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १७ | १२.११ | १७.११ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १७ | १२.१४ | १७.१४ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| १८ | | १८ | सातौं संशोधनमा थपिएको |
| १९ | | १७ | सातौं संशोधनमा थपिएको |
| २० | १३ | २० | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| २६ | १९.१ | २६ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| २७ | २० | २७ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| द्रष्टव्य १ | द्रष्टव्य २ | द्रष्टव्य २ | सातौं संशोधनबाट परिमार्जित गरिएको |
| द्रष्टव्य २ | | द्रष्टव्य २ | सातौं संशोधनमा थपिएको |
| द्रष्टव्य ३ | | द्रष्टव्य ३ | सातौं संशोधनमा थपिएको |

# विधान संशोधन तथा सिफारिस समिति

प्रा.डा.खगेन्द्रप्रसाद लुइटेल, संयोजक
सुमल कुमार गुरुङ, सदस्य
बलराम थापा, सदस्य

**विधान पुनरावलोकनसमिति**
पदम विश्वकर्मा
पुरु सुवेदी
शिव लामिछाने
राम लामा अविनाशी
तीर्थराज अधिकारी

**अनुमोदन र कार्यान्वयन**

सातौँ संशोधनसहितको यस विधानलाई केन्द्रीय कार्यसमिति तथा बोर्ड अफ् ट्रस्टीजले १४ अगस्त २०२१ का दिन अनुमोदन तथा पारित गरेको छ ।

**प्रकाश पौडेल 'माइला'**
अध्यक्ष
केन्द्रीय कार्यसमिति

**गीता खत्री**
सभापति
बोर्ड अफ् ट्रस्टीज